विधेयक संख्याः

# कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा, कर्णाली प्रदेश

प्रदेश सभा सचिवालय

वीरेन्द्रनगर, सुर्खेत

## उद्देश्य र कारण

प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराधको अनुसन्धान, रोकथाम र नियन्त्रण मार्फत संविधान प्रदत्त मौलिक हक र मानव अधिकारको संरक्षण तथा संवर्द्धन र नागरिक स्वतन्त्रताको रक्षा गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरिवेक्षण,समन्वय,व्यवस्थापन र नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक भएकोले "कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमा गरी प्रदेश सभामा पेश गरेको छु।

मितिः २०८०/०४/२४

(कृष्ण बहादुर जि.सी.)
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय

# आर्थिक टिप्पणी

कर्णाली प्रदेशमा प्रहरी सेवालाई प्रभावकारी बनाउन "कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमा गरिएको हुँदा प्रस्तुत विधेयक ऐनमा रुपान्तरण भई कार्यान्वयन हुँदा प्रदेश सरकारलाई साल बसाली रुपमा आर्थिक दायित्व पर्ने व्यहोरा प्रदेश सभामा पेश गरेको छु।

मितिः २०८०/०४/२४

(कृष्ण बहादुर जि.सी.)
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

कर्णाली प्रदेशमा प्रहरी सेवालाई प्रभावकारी बनाउन "कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"अनुसार प्रत्यायोजित व्यवस्थापन अन्तर्गत रहेर बनाइने कानूनको प्रकृति र सीमा, प्रत्यायोजित व्यवस्थापनको कारण तथा प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभावहरु देहाय बमोजिम रहेका छनः-

| क्र.स | विधेयक को दफा / उपदफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ५ को उपदफा (६) | प्रहरी संगठनलाई चुस्त दुरुस्त विभाग, प्रतिष्ठान, महाशाखा, कार्यायलय तथा प्रहरी एकाई राख्न उपयुक्त हुने भएकोले। | प्रहरी संगठनलाई चुस्त दुरुस्त विभाग, प्रतिष्ठान, महाशाखा, कार्यायलय तथा प्रहरी एकाईसम्बन्धी व्यवस्था नियममा तोकिने। | प्रहरी संगठनको काम कार्वाही चुस्त दुरुस्त भएको हुने। |
| २. | दफा ६ को उपदफा (४) | प्रहरी सेवामा समूह परिवर्तन सम्बन्धमा प्रदेश सरकाले आवश्यक नियम बनाउन सक्ने। | प्रहरी सेवामा समूह परिवर्तनका लागि आवश्यक नियमहरु बनाइने। | प्रहरी कर्मचारीले इच्छाएको समूह छनौंट गर्ने अवस्थाको सिर्जना भई कार्यमा प्रभावकारीता आएको हुने। |

| | | | | |
|---|---|---|---|---|
| ३. | दफा ८ को उपदफा (१) | प्रहरी सङ्गठन संरचना र संख्याका सम्बन्धमा प्रदेश सरकारले कार्यविधिगत व्यवस्था गर्न सक्ने। | प्रहरी सङ्गठन संरचना र संख्या निर्धारणका लागि आवश्यक नियम तथा मापदण्ड बनाइने। | प्रहरी संगठन संरचना र संख्या निर्धारण भई प्रदेशको शान्ति सुव्यस्था चुस्त दुरुस्त भएको हुने। |
| ४ | दफा १२ को उपदफा (११) | प्रदेश प्रहरीको पदपूर्ति सम्बन्धी व्यवस्था नियममा प्रदेश सरकारले तोक्न सक्ने। | प्रदेश प्रहरीको पदपूर्ति गर्न नियम बनाइने। | प्रदेश प्रहरीको पदपूर्ति भई कार्यमा सहजता उत्पन्न हुने। |
| ५ | दफा १३ को उपदफा (१२) | प्रदेश प्रहरीको पदपूर्ति सम्बन्धी विशेष व्यवस्था नियममा प्रदेश सरकारले तोक्न सक्ने। | प्रदेश प्रहरीको विशेष पदपूर्ति गर्न नियम बनाइने। | प्रदेश प्रहरीको पदपूर्ति भई कार्यमा सहजता उत्पन्न हुने। |
| ६ | दफा १६ उपदफा (६) | प्रदेश प्रहरीको पदपूर्ति समिति सम्बन्धी व्यवस्था नियममा प्रदेश सरकारले तोक्न सक्ने। | प्रदेश प्रहरीको पदपूर्तिसमिति सम्बन्धी थप व्यवस्था गर्न नियम बनाइने। | प्रदेश प्रहरीको पदपूर्तिमा सहजता उत्पन्न हुने। |
| ७ | दफा १८ | प्रहरीको पदपूर्तिको लागि आवश्यक पाठ्यक्रम सम्बन्धमा नियम बनाउन आवश्यक | प्रहरीको पाठ्यक्रम निर्माण गर्नका लागि आवश्यक नियम, | पाठ्यक्रम निर्धारण भई प्रहरी पदपूर्तिमा सहजता |

| | | | | |
|---|---|---|---|---|
| | | भएको। | कार्यविधि तथा मापदण्ड बनाइने। | पुगेको हुने। |
| ८ | दफा १९ को उपदफा (३) | प्रहरी नियुक्तिपत्रको ढाँचानिर्धारणका लागि प्रदेश सरकारले कार्यविधिगत व्यवस्था गर्न उपयुक्त भएको। | नियुक्तिपत्रको ढाँचाको लागि आवश्यक नियम, कार्यविधि तथा मपदण्ड बनाइने। | नियुक्तिको ढाँचा निर्माण भई प्रहरी नियुक्तिको कार्यमा सहजता उत्पन्न भएको हुने। |
| ९ | दफा २२ | प्रहरीको शपथ ग्रहण सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न उपयुक्त भएकोले। | शपथ ग्रहणको सम्बन्धमा कार्यविधिगत व्यवस्था गरिने। | शपथ ग्रहणको ढाँचा निर्माण भई प्रहरी नियुक्ति सम्बन्धी कार्यमा सहजता आएको हुने। |
| १० | दफा २७ को उपदफा (३) | प्रहरी कर्मचारीले लिने तालिम सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न उपयुक्त भएकोले। | प्रहरीको तालिम सम्बन्धमा कार्यविधिगत व्यवस्था गरिने। | प्रहरी कर्मचारीले तालिम प्राप्त गरी क्षमतावान भएको हुने। |
| ११ | दफा २८ को उपदफा (१) | प्रहरी कर्मचारीलाई दिने प्रशिक्षण सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न उपयुक्त भएकोले। | तालिमका योजना तथा कार्यक्रम विकास गर्न, पाठयक्रम तयार गर्न र तालिम सम्बन्धी स्तर | तालिमका योजना तथा कार्यक्रम विकास भएको, पाठयक्रम तयार भएको र तालिम |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्धारण गर्न प्रशिक्षण व्यवस्थापन समिति सम्बन्धमा कार्यविधिगत व्यवस्था गरिने। | सम्बन्धी स्तर निर्धारण भई प्रहरीको कार्यमा सहजता आएको हुने। |
| १२ | दफा ३० को उपदफा (७) | प्रहरी कर्मचारीको स्तर बढुवा सम्बन्धी व्यवस्था लाई कार्यविधिगत रुपमा उल्लेख गर्नु उपयुक्त हुने। | प्रहरीको बढुवा सम्बन्धमा कार्यविधिगत व्यवस्था गरिने। | योग्य प्रहरीको स्तर वृद्धि भईकार्यमा प्रभावकारिता आएको हुने। |
| १३ | दफा ३३ को उपदफा (४) | श्रेणिविहिन प्रहरी कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था लाई कार्यविधिगत रुपमा उल्लेख गर्नु उपयुक्त हुने। | श्रेणीविहिन प्रहरीको बढुवा सम्बन्धमा कार्यविधिगत व्यवस्था गरिने। | योग्य प्रहरीको स्तर वृद्धि भईकार्यमा प्रभावकारिता आएको हुने। |
| १४ | दफा ३४ को उपदफा (५) | प्रहरी कर्मचारीको कार्यसम्पादन सम्बन्धी व्यवस्था नियममा तोक्न उपयुक्त हुने। | प्रहरी कर्मचारीको कार्यसम्पादन सम्बन्धी व्यवस्था नियममा तोकिने। | प्रहरी कर्मचारीले गरेको कार्यको स्पष्ट मूल्यांकन भई कार्यमा प्रभावकारीता आएको हुने। |
| १५ | दफा ३७ उपदफा (२) | प्रहरी कर्मचारीको बढुवाका लागि आवश्यक शैक्षिक योग्यता सम्बन्धी | प्रहरीको बढुवासम्बन्धी शैक्षिक योग्यता | बढुवामा उच्च शैक्षिक योग्यता भएका |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्था लाई कार्यविधिगत रुपमा उल्लेख गर्नु उपयुक्त हुने। | सम्बन्धमा कार्यविधिगत व्यवस्था गरिने। | व्यक्तिलाई प्राथामिकता दिएको हुने। |
| १६ | दफा ३८ को उपदफा (७) | प्रहरी कर्मचारीको बढुवाका लागि आवश्यक तालिम सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न उपयुक्त भएकोले। | प्रहरी कर्मचारीको बढुवा सम्बन्धमा आवश्यक तालिम सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न उपयुक्त भएकोले। | प्रहरी कर्मचारीको बढुवाका लागि लिनुपर्ने तालिम स्पष्ट भई प्रहरीको बढुवा प्रक्रिया पारदर्शी भएको हुने। |
| १७ | दफा ४३ को उपदफा (५) | प्रहरीको सरुवा सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न उपयुक्त हुने। | प्रहरी कर्मचारीको सरुवा सम्बन्धमा कार्यविधिगत व्यवस्था गरिने। | प्रहरी कर्मचारीको सरुवा पारदर्शी भएको हुने। |
| १८ | दफा ४५ को उपदफा (२) | प्रहरीको काज सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न उपयुक्त हुने। | प्रहरी कर्मचारीको काज सम्बन्धमा कार्यविधिगत व्यवस्था गरिने। | प्रहरी कर्मचारीको काज सम्बन्धी व्यवस्था स्पष्ट भएको हुने। |
| १९ | दफा ४७ को उपदफा | प्रहरीले गर्ने डिउटिलाईप्रभावकारी बनाउन नियम बनाउन आवश्यक | प्रहरीको डिउटिलाई प्रभावकारी रुपमा | प्रहरी कर्मचारीले गर्ने डिउटी प्रभावकारी |

| | | | | |
|---|---|---|---|---|
| | (२) | भएको। | कार्यान्वयन गर्न विभिन्न नियम बनाइने। | भई प्रदेशको शान्ति सुरक्षा चुस्त दुरुस्त भएको हुने। |
| २० | दफा ५० को उपदफा (१) को खण्ड (प) | प्रहरीको काम, कर्तव्य र अधिकारलाई स्पष्ट पार्नका लागि नियम बनाउन आवश्यक भएको। | प्रहरीको काम, कर्तव्य र अधिकारलाई स्पष्ट पार्नका लागि नियम बनाइने। | प्रहरीको काम, कर्तव्य र अधिकार स्पष्ट भएको हुने। |
| २१ | दफा ५३ | प्रहरीको अभिलेख राख्ने कार्यको लागि नियम बनाउ आवश्यक भएको। | प्रहरीको अभिलेख व्यवस्थित गर्नका लागि नियम बनाइने। | प्रहरी कर्मचारीको अभिलेख व्यवस्थित भएको हुने। |
| २२ | दफा ५४ को उपदफा (१) | प्रदेश प्रहरी कर्मचारीले पाउने सुविधाका सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न उपयुक्त भएको। | प्रदेश प्रहरी कर्मचारीले पाउने सुविधाका सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न नियम बनाइने। | प्रदेश प्रहरी कर्मचारीले पाउने सुविधाका स्पष्ट भएको हुने। |
| २३ | दफा ५६ को उपदफा (२) | प्रहरी कल्याणकोष लाई प्रभावकारी बनाउन कार्यविधिगत व्यवस्था गर्न उपयुक्त रहेको। | प्रहरी कल्याणकोष लाई व्यवस्थित गर्न आवश्यक नियम | प्रहरी कल्याणकोष सम्बन्धमा प्रभावकारी व्यवस्था भएको हुने। |

| | | | | |
|---|---|---|---|---|
| | | | बनाइने। | |
| २४ | दफा ५७ को उपदफा (२) | प्रहरी कर्मचारीले पाउने विदा लाई प्रभावकारी बनाउन कार्यविधिगत व्यवस्था गर्न उपयुक्त रहेको। | प्रहरी कर्मचारीले पाउने विदालाई व्यवस्थित गर्न आवश्यक नियम बनाइने। | प्रहरी कर्मचारीले पाउने विदा स्पष्ट भएको हुने। |
| २५ | दफा ६१ को उपदफा (३) | प्रहरी कर्मचारीको नोकरी अवधि स्पष्ट गर्न कार्यविधिगत व्यवस्था गर्न उपयुक्त रहेको। | प्रहरी कर्मचारीको नोकरी अवधि स्पष्ट गर्न आवश्यक नियम बनाइने। | प्रहरी कर्मचारीको नोकरी अवधि स्पष्ट भएको हुने। |
| २६ | दफा ६३ को उपदफा (२) | प्रदेश प्रहरीबाट अवकाश भएका कर्मचारीको दक्षताको प्रयोग सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएको। | प्रदेश प्रहरीबाट अवकाश भएका कर्मचारीको दक्षताको प्रयोग सम्बन्धमा आवश्यक नियम बनाइने। | प्रदेश प्रहरीबाट अवकाश भएका कर्मचारीको दक्षताको उपयोग गरी प्रहरी प्रशासनमा नयाँ नयाँ सीप विकासमा योगदान पुगेको हुने। |
| २७ | दफा ६३ को उपदफा | प्रहरी कर्मचारीले बुझाउने सम्पत्ति विवरणलाई | प्रहरी कर्मचारीले बुझाउने | प्रहरी कर्मचारीले सम्पत्ति |

| | | | | |
|---|---|---|---|---|
| | (२) | प्रभावकारी बनाउन नियम बनाउन आवश्यक भएको। | सम्पत्ति विवरणलाई प्रभावकारी बनाउन नियम बनाइने। | विवरण बुझाउने सम्बन्धी व्यवस्था स्पष्ट भएको हुने। |
| २८ | दफा ८७ | प्रहरी कर्मचारीको आचरणलाई व्यवस्थित बनाउने प्रयोजनार्थ कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएको। | प्रहरी कर्मचारीको आचरणलाई व्यवस्थित बनाउने प्रयोजनार्थ आवश्यक नियम बनाइने। | प्रहरी कर्मचारीको आचरणलाई व्यवस्थित बनाई प्रहरी संगठनमा अनुशासन कायम भएको हुने। |
| २९ | दफा १०० को उपदफा (३) | प्रदेश सुरक्षा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएको। | प्रदेश सुरक्षा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा नियम बनाइने। | प्रदेश सुरक्षा समितिको काम, कर्तव्य र अधिकार स्पष्ट भई कार्यमा प्रभावाकारिता आएको हुने। |

कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा र शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | प्रस्तावना | ऐनको उद्देश्य स्पष्ट पार्न। |
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको नाम उद्धरणका लागि सजिलो बनाउन। |
| २ | परिभाषा | ऐनमा प्रयोग भएका लामो शब्दलाई छोटकरीमा उल्लेख गर्न र अर्थ स्पष्ट गर्न। |
| ३ | प्रहरी सेवाका आधारभूत सिद्धान्त र कर्तव्य | प्रहरी सेवाका आधारभूत सिद्धान्त र कर्तव्य स्पष्ट पार्न। |
| ४ | नागरिकको अधिकार | प्रहरीबाट प्राप्त हुने नागरिकको अधिकार सुनिश्चित गर्न। |
| ५ | प्रदेश प्रहरी सेवाको गठन | प्रदेशमा शान्ति सुव्यवस्था कायम गर्न। |
| ६ | प्रदेश प्रहरी सेवामा रहने समूह | प्रहरी संरचना स्पष्ट पार्न। |
| ७ | प्रदेश प्रहरी सेवामा रहने तह र पद | प्रहरी संरचना स्पष्ट पार्न। |
| ८ | संगठन संरचना र दरबन्दी | प्रहरी संरचना स्पष्ट पार्न। |
| ९ | प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण | प्रहरी सेवालाई प्रभावाकरी बनाउन। |
| १० | प्रदेश प्रहरी प्रशासन | प्रहरी प्रशासन चुस्त बनाउन। |
| ११ | प्रदेश प्रहरी प्रमुख | प्रहरीको नेतृत्व सुनिश्चित गर्न। |
| १२ | पदपूर्ति | प्रदेशमा आवश्यक प्रहरी कर्मचारीको नियुक्ति गर्न। |
| १३ | पदपूर्ति सम्बन्धी विशेष व्यवस्था | प्रदेशमा आवश्यक प्रहरी कर्मचारीको नियुक्ति गर्न। |

| | | |
|---|---|---|
| १४ | पदपूर्तिमा बन्देज | ऐनको पूर्ण कार्यान्वयन गर्न। |
| १५ | पदपूर्ति गर्न नहुने | कानून विपरितका क्रियाकलाप निस्तेज गर्न। |
| १६ | पदपूर्ति समिति | प्रहरी कर्मचारीको नियुक्तिलाई बैज्ञानिक बनाउन। |
| १७ | प्रदेश प्रहरीको न्यूनतम योग्यता तथा अयोग्यता | योग्यता प्रणालीको अवलम्बन गर्न। |
| १८ | परीक्षाको पाठ्यक्रम | निश्चित पाठ्यक्रमबाट परीक्षा प्रणाली सञ्चालन गर्न। |
| १९ | नियुक्ति | आवश्यक प्रहरी कर्मचारीको पदपूर्ति गर्न। |
| २० | परीक्षणकाल | प्रहरी कर्मचारीको योग्यता परीक्षण गर्न। |
| २१ | नियुक्ति बदर हुने अवस्था | अयोग्य प्रहरी कर्मचारीलाई बर्खास्त गर्न। |
| २२ | शपथ ग्रहण | सेवाप्रति प्रतिबद्ध गराउन। |
| २३ | पोसाक र दर्ज्यानी चिन्ह | प्रहरी कर्मचारीको पहिचान कायम गर्न। |
| २४ | पदाधिकार कायम रहने | सेवाको सुरक्षा गर्न। |
| २५ | कायम मुकायम र निमित्त | प्रहरी संगठनमा नेतृत्वको अभाव पूर्ति गर्न। |
| २६ | तालिम अनिवार्य लिनुपर्ने | क्षभता अभिवृद्धि गर्न। |
| २७ | आधारभूत तथा वृत्ति विकास सम्बन्धी तालिम | क्षमता अभिवृद्धि गर्न। |
| २८ | परीक्षण सम्बन्धी संस्थागत व्यवस्था | प्रहरी कर्मचारीको आचरण मूल्याङ्कन गर्न। |
| २९ | वैदेशिक तालिम | क्षमता अभिवृद्धि गर्न। |

| | | |
|---|---|---|
| ३० | बढुवा समिति | प्रहरी कर्मचारीको वृति विकास गर्न। |
| ३१ | बढुवाको सम्भाव्य उम्मेदार हुने | अनुमानयोग्य बढुवालाई प्रोत्साहन गर्न। |
| ३२ | बढुवाको सम्भाव्य उम्मेदार हुन नपाउने | बढुवा सुनिश्चित गर्न। |
| ३३ | बढुवाको आधार | बढुवालाई अनुमानयोग्य बनाउन। |
| ३४ | कार्यसम्पादन मूल्यांकन फारम | कर्मचारीको कार्यको मूल्यांकन गर्न। |
| ३५ | ज्येष्ठता मूल्यांकन | सेवाको वृतिलाई ज्येष्ठता सँग आवद्ध गर्न। |
| ३६ | भौगोलिक क्षेत्र वापतको मूल्यांकन | विकट भौगोलिक क्षेत्रमा समेत प्रहरीको आकर्षण वृद्धि गर्न। |
| ३७ | शैक्षिक योग्यता | योग्यता प्रणालीलाई सुनिश्चित गर्न। |
| ३८ | तालिम | क्षमता अभिवृद्धि गर्न। |
| ३९ | बढुवा सम्बन्धी विशेष व्यवस्था | प्रहरी कर्मचारीलाई विशेष बढुवा गर्न। |
| ४० | स्वतः बढुवा सम्बन्धी व्यवस्था | लामो समय प्रहरी सेवा गरेका व्यक्तिलाई प्रोत्साहन गर्न। |
| ४१ | मानार्थ बढुवा सम्बन्धी व्यवस्था | लामो समय प्रहरी सेवा गरेका व्यक्तिलाई सम्मान गर्न। |
| ४२ | बढुवा उपरको उजुरी | ऐन विपरितका क्रियाकलापलाई निरुत्साहित गर्न। |
| ४३ | सरुवा | सबै भौगोलिका क्षेत्रमा प्रहरी कर्मचारी परिचालन गर्न। |
| ४४ | सरुवा गर्ने अधिकारी | सरुवालाई व्यवस्थित गर्न। |
| ४५ | काज सम्बन्धी व्यवस्था | अन्य क्षेत्रमा समेत प्रहरीलाई परिचालन गर्न। |
| ४६ | प्रदेश प्रहरी प्रधान कार्यालय | प्रहरी प्रशासन सञ्चालन गर्ने निकाय सुनिश्चित गर्न। |

| | | |
|---|---|---|
| ४७ | तयारी अवस्थामा रहनुपर्ने | आफ्नो कर्तव्य प्रति सधै सचेत प्रहरी कर्मचारी निर्माण गर्ने। |
| ४८ | समन्वय गर्नुपर्ने | शान्ति सुव्यवस्था सुदृढ गर्ने कार्यमा सबै क्षेत्रको सहभागिता सुनिश्चित गर्न। |
| ४९ | अधिकार प्रयोग र प्रत्यायोजन | प्रहरी प्रशासनलाई चुस्त दुरुस्त पार्न। |
| ५० | प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार | प्रहरीको काम, कर्तव्य र अधिकार सुनिश्चित गर्न। |
| ५१ | जानकारी गराउने | प्रहरी प्रशानमा भएका कार्य सम्बन्धित पक्षलाई जानकारि दिन। |
| ५२ | पक्राउ गर्न सक्ने अधिकार | शान्ति सुव्यवस्था कायम गर्न। |
| ५३ | अभिलेख राख्नु पर्ने | प्रहरीको संख्या स्पष्ट पार्न। |
| ५४ | प्रदेश प्रहरी कर्मचारीले पाउने सुविधा | पारिश्रमिक सुनिश्चित गर्न। |
| ५५ | बीमा सम्बन्धी व्यवस्था | सेवाको सुरक्षा गर्न। |
| ५६ | प्रहरी कल्याण कोष | प्रहरी कर्मचारीले गरेको कार्यको मूल्यांकन गर्न। |
| ५७ | विदा | सुविधालाई सुनिश्चित गर्न। |
| ५८ | अवकाश | प्रहरी सेवाबाट अन्त्य गर्न। |
| ५९ | उपदान | प्रहरी कर्मचारीको सेवा पछिको जीवन सहज बनाउन। |
| ६० | निवृतिभरण | प्रहरी कर्मचारीको सेवा पछिको जीवन सहज बनाउन। |
| ६१ | राजीनामा दिन सक्ने | मानव अधिकारको सम्मान तथा प्रवर्दधन गर्न। |
| ६२ | नोकरी छोड्न नपाउने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |

| | | |
|---|---|---|
| ६३ | सहयोग लिन सकिने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ६४ | दान, दातव्य, उपहार लिन नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ६५ | सम्पति विवरण दिनु पर्ने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ६६ | कम्पनीको स्थापना, व्यापार व्यवसाय गर्न नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ६७ | सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिवन्ध | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ६८ | सञ्चार माध्यमसँग सम्पर्क गर्न नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ६९ | यातना दिन नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ७० | प्रदर्शन र हड्ताल गर्न प्रतिवन्ध | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ७१ | प्रेसको साहार लिन नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ७२ | सरकारको आलोचना गर्न नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ७३ | निर्वाचनमा भाग लिन नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ७४ | राजनीतिमा भाग लिन नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ७५ | राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |

| | | |
|---|---|---|
| ७६ | समय पालन र नियमितता | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ७७ | अनुशासन र आज्ञापालन | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ७८ | लैङ्गिक संवेदनशील हुनुपर्ने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ७९ | स्थायी आवासीय अनुमतिपत्र लिन नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८० | कानून विपरित विवाह गर्न नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८१ | हातपात वा जोरजुलुम गर्न नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८२ | घरायसी कामकाजमा खटाउन वा लगाउन नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८३ | यौनजन्य दुर्व्यवहार गर्न नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८४ | यातना दिन नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८५ | मानव अधिकार उल्लंघन गर्न नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८६ | प्रतिनिधित्व गर्न नहुने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८७ | अन्य आचरण | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८८ | विभागीय सजाय | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ८९ | नसिहत दिन वा प्रतिकूल राय लेख्न शारीरीक परिश्रम गराउने वा | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |

| | | |
|---|---|---|
| | नियन्त्रणमा राख्ने | |
| ९० | बढुवा वा तलब वृद्धि रोक्का गर्ने | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ९१ | तलब वृद्धि वा सूरु स्केल वा तल्लो पदमा घटुवा | प्रहरी प्रशासनमा अनुशासनको पूर्ण पालना गराउन। |
| ९२ | सेवाबाट हटाउने वा बर्खास्त गर्ने | कानून विपरितका क्रियाकलापलाई निरुत्साहित गर्न। |
| ९३ | कार्यालयमा अनुपस्थित भएमा वा झुट्टा विवरण पेश गरेमा हुने सजाय | ऐन विरुद्धका क्रियाकलापलाई निरुत्साहित गर्न। |
| ९४ | सजाय सम्बन्धी कार्यविधि | न्याय सम्पादन गर्न। |
| ९५ | निलम्बन | कानूनी कारवाहीको दायरामा ल्याउन। |
| ९६ | सेवाको अन्त्य गर्न सक्ने | कानून विपरितका क्रियाकलापलाई निरुत्साहित गर्न। |
| ९७ | सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी | न्याय सम्पादन गर्ने निकाय स्पष्ट पार्न। |
| ९८ | पुनरावेदनको म्याद तथा कार्यविधि | न्याय सम्पादनलाई प्रभावकारी बनाउन। |
| ९९ | पुनर्वहाली भएमा पाउने सुविधा | सेवाको सुरक्षा दिलाउन। |
| १०० | प्रदेश सुरक्षा समिति | प्रदेशको सुरक्षा व्यवस्था सुदृढ बनाउन। |
| १०१ | सेवाको सुरक्षा | प्रहरी सेवामा नागरिकलाई आकर्षित गर्न। |
| १०२ | असल नियतको बचाउ | प्रहरीको सेवा सुरक्षा सुनिश्चित गर्न। |

| | | |
|---|---|---|
| १०३ | विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी सम्बन्धी व्यवस्था | सुरक्षा व्यवस्था चुस्त बनाउन। |
| १०४ | नागरिक सुरक्षा परामर्श समिति | नागरिकको सुरक्षालाई प्रत्याभूति दिलाउन। |
| १०५ | प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था | प्रहरी कर्मचारीलाई कार्यप्रति समर्पित गराउन। |
| १०६ | सुत्र परिचालन गर्न सक्ने | सुरक्षा व्यवस्था चुस्त बनाउन। |
| १०७ | हातहतियार खरखजना तथा सञ्चार साधनको प्रयोग | शान्ति सुव्यवस्थालाई सुदृढ बनाउन। |
| १०८ | कसुर मुद्दाको अनुसन्धान दायरी सजाय र पुनराबेदन | कानून बमोजिम न्याय सम्पादन गर्न। |
| १०९ | कसूर र सजाय | यस ऐन विरुद्धका कार्यलाई निरुत्साहित गर्न। |
| ११० | अधिकार प्रत्यायोजन गर्न सक्ने | सबै निकाय वा कर्मचारीलाई कार्यमा समाहित गराउन। |
| १११ | प्रचलित कानून लागू हुने | कानूनको अक्षरांश पालना गर्न। |
| ११२ | अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था | अन्तराष्ट्रिय शान्ति सम्झौतामा प्रदेशको सहभागिता सुनिश्चित गर्न। |
| ११३ | नेपाल सरकारको दायित्व हुने | संघीय कानूनमा भएका व्यवस्थाबाट उत्पन्न हुने दायित्व प्रति नेपाल सरकालाई प्रतिवद्ध गर्न। |
| ११४ | स्थानीय तहसँग | शान्ति सुरक्षामा सबै तहको सहभागिता अभिवृद्धि गर्न। |

| | | |
|---|---|---|
| | समन्वय र सहकार्य गर्न सक्ने | |
| ११५ | संक्रमणकालीन व्यवस्था | कानूनको अभावमा समेत प्रहरी प्रशासनलाई सक्षम र सुदृढ बनाउन। |
| ११६ | नियम बनाउन सक्ने | ऐनको प्रभावकारी कार्यान्वयन गर्न। |
| ११७ | निर्देशिका, कार्यविधि, मापदण्ड वा आचारसंहिता बनाउन सक्ने | ऐनको प्रभावकारी कार्यान्वयन गर्न। |
| | अनुसूची | ऐनको दफामा भएको व्यवस्थालाई थप स्पष्ट पार्न। |

# कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराधको अनुसन्धान, रोकथाम र नियन्त्रण मार्फत संविधान प्रदत्त मौलिक हक र मानव अधिकारको संरक्षण तथा संवर्द्धन र नागरिक स्वतन्त्रताको रक्षा गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरिवेक्षण, समन्वय, व्यवस्थापन र नियमनको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश प्रहरी ऐन, २०८० रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १९ बमोजिम प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति गर्ने अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ।

(ख) "अधिकृत" भन्नाले सहायक निरिक्षक र सोभन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृत सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले प्रदेश प्रहरी प्रधान कार्यालय मातहत रहने प्रदेशको प्रहरी कार्यालय सम्झनु पर्छ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "द्वन्द्व पीडित" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रुपमा हानि नोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ र सो शब्दले मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणाम स्वरुप मानवीय, सामाजिक वा सामुदायिक रुपमा गम्भीर प्रतिकूल असर पुग्न गएको व्यक्ति र समुदायलाई समेत जनाउँछ।

(च) "परिवार" भन्नाले प्रदेश प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, वाबु, आमा र सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिला प्रहरीको हकमा निजको बाजे, बज्यै र विवाहित महिला प्रहरीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ।

(छ) "प्रहरी कर्मचारी" भन्नाले यस ऐन बमोजिम नियुक्त भई प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी सम्झनु पर्छ र सो शब्दले प्रचलित संघीय कानून बमोजिम प्रदेशमा समायोजन भई वा खटिई आएको प्रहरी कर्मचारीलाई समेत जनाउँछ।

(ज) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(झ) "प्रदेश प्रहरी प्रमुख" भन्नाले दफा ११ बमोजिमको प्रहरी प्रमुख सम्झनु पर्छ।

(ञ) "प्रदेश प्रहरी प्रधान कार्यालय" भन्नाले कर्णाली प्रदेश प्रहरी प्रधान कार्यालय सम्झनु पर्छ।

(ट) “मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ठ) “मन्त्री” भन्नाले मन्त्रालयको मन्त्री सम्झनु पर्छ।

(ड) “सचिव” भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

परिच्छेद-२

<u>प्रहरी सेवाका आधारभूत सिद्धान्त र नागरिक अधिकार</u>

३. <u>प्रहरी सेवाका आधारभूत सिद्धान्त र कर्तव्यः</u> (१) प्रहरी सेवा देहायका आधारभूत सिद्धान्तबाट निर्देशित हुनेछः-

(क) लोकतन्त्र, कानूनको शासन र मानव अधिकारप्रति प्रतिबद्ध,

(ख) आम नागरिक र समुदायप्रति उत्तरदायी,

(ग) निष्पक्ष, व्यावसायिक र दक्ष सेवा प्रवाह,

(घ) उच्च नैतिक चरित्र र स्वच्छ आचरण,

(ङ) लैङ्गिक सम्वेदनशीलताप्रति सचेत र सजग,

(च) कानूनको पालना र कार्यान्वयनमा समर्पित,

(छ) सार्वजनिक शान्ति प्रवर्द्धन, अपराध नियन्त्रण तथा प्रभावकारी अनुसन्धान,

(ज) नागरिकको सामाजिक जिम्मेवारी कार्यान्वयनमा सहयोग।

(२) उपदफा (१) मा उल्लेखित सिद्धान्त पालना गर्नु प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

४. <u>नागरिकको अधिकारः</u> प्रदेश प्रहरी सेवा प्राप्त गर्ने सम्बन्धमा प्रत्येक नागरिकलाई प्रहरी सेवा प्राप्त गर्न देहाय बमोजिमको अधिकार हुनेछः-

(क) प्रभावकारी प्रहरी सेवा र प्रहरीको सहायता प्राप्त गर्ने,

(ख) कुनै पनि नागरिकको प्रहरी प्रदेश प्रहरी प्रधान कार्यालयमा प्रवेश गरी सेवामा सहज पहुँच प्राप्त हुने,

(ग) प्रहरीको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा मौखिक, लिखित वा अन्य कुनै माध्यमबाट सूचना दिने,

(घ) कुनै कसुरको सम्बन्धमा प्रहरी प्रदेश प्रहरी प्रधान कार्यालयमा उजुरी दिने र उजुरी दर्ता गरिएको जानकारी सहितको भर्पाई प्राप्त गर्ने,

(ङ) प्रहरीको कार्यक्षेत्रसँग सम्बन्धित विषय, कुनै घटना वा शङ्कास्पद गतिविधिका सम्बन्धमा लिखित, मौखिक वा अन्य कुनै माध्यमबाट सूचना दिने र त्यस्तो सूचना प्रहरी प्रदेश प्रहरी प्रधान कार्यालयको अभिलेखमा अभिलेखीकृत गराउने,

(च) आफू जाहेरवाला वा पीडित भएको कुनै कसुर वा घटनाको अनुसन्धानको प्रगतिबारे सूचना प्राप्त गर्ने,

(छ) महिलाले आफ्नो गोपनीयता कायम रहने गरी महिला प्रहरीको उपस्थितिमा उजुरी दिने र आवश्यक सेवा प्राप्त गर्ने.

(ज) थुनामा रहेकी महिलाले आफ्नो गोपनीयता कायम रहने स्तरको भौतिक सुविधा र महिला प्रहरीको सहयोग प्राप्त गर्ने,

(झ) थुनामा रहेको व्यक्तिले कानून व्यवसायीको सल्लाह र सहयोग प्राप्त गर्ने,

(ञ) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, उत्पीडित र उपेक्षित वर्गका व्यक्ति एवम् ज्येष्ठ नागरिकले भेदभाव रहित, लैङ्गिक संवेदनशील वातावरणमा प्राथमिकता अनुरुप, सम्मानपूर्ण र प्रभावकारी प्रहरी सेवा पाउने,

(ट) वैयक्तिक गोपनीयताको संरक्षण हुने गरी सेवा प्राप्त गर्ने।

## परिच्छेद-३

## प्रदेश प्रहरीको गठन र सञ्चालन

५. **प्रदेश प्रहरी सेवाको गठनः** (१) मन्त्रालय अन्तर्गत एक प्रदेश प्रहरी सङ्गठन रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रहरी सङ्गठनमा यस ऐन बमोजिम नियुक्त भएका र प्रचलित संघीय कानून बमोजिम समायोजन भई वा खटिई आएका प्रहरी कर्मचारी रहनेछन्।

(३) प्रदेश प्रहरी सङ्गठन समावेशी स्वरुपको हुनेछ।

(४) प्रदेश प्रहरीको सञ्चालन यस ऐन बमोजिम प्रदेश सरकारले गर्नेछ।

(५) मन्त्रालय मातहत एक प्रदेश प्रहरी प्रधान कार्यालय रहनेछ।

(६) प्रदेश प्रहरी प्रधान कार्यालय मातहत तोकिए बमोजिमका विभाग, प्रतिष्ठान, महाशाखा, कार्यालय तथा प्रहरी एकाइ रहनेछन्।

६. **प्रदेश प्रहरी सेवामा रहने समूहः** (१) प्रदेश प्रहरी सेवामा कार्य प्रकृतिका आधारमा देहाय बमोजिमका समूहहरू रहनेछनः-

(क) जनपद प्रहरी समूह,

(ख) सशस्त्र प्रहरी समूह,

(ग) प्राविधिक प्रहरी समूह।

(२) उपदफा (१) बमोजिमका प्रहरी समूहमा विशिष्टीकृत कार्य प्रकृतिका आधारमा देहाय बमोजिमका उपसमूह रहनेछनः-

(क) जनपद प्रहरी समूह अन्तर्गतः-

(१) अपराध अनुसन्धान उपसमूह,

(२) ट्राफिक व्यवस्थापन उपसमूह,

(३) पर्यटक तथा सामुदायिक प्रहरी उपसमूह,

(४) लेखा तथा प्रबन्ध उपसमूह।

(ख) सशस्त्र प्रहरी समूह अन्तर्गतः-

(१) विपद व्यवस्थापन उपसमूह,

(२) सुरक्षा उपसमूह,

(३) विशेष सुरक्षा उपसमूह,

(४) व्यवसाय तथा औद्योगिक सुरक्षा उपसमूह।

(ग) प्राविधिक प्रहरी समूह अन्तर्गतः-

(१) सञ्चार उपसमूह,

(२) अटोमोबाइल उपसमूह

(३) सूचना प्रविधि उपसमूह,

(४) इन्जिनियरिङ उपसमूह,

(५) स्वास्थ्य उपसमूह,

(६) उत्पादन तथा निर्माण उपसमूह,

(७) विधि विज्ञान उपसमूह।

(३) प्रदेश प्रहरीमा कार्यरत प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको आधारमा समूहकृत गरिनेछ।

(४) उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लिखित समूह परिवर्तन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. <u>प्रदेश प्रहरी सेवामा रहने तह र पदः</u> (१) प्रदेश प्रहरी सेवामा रहने प्रहरी कर्मचारीको तह र पद देहाय बमोजिम हुनेछः-

**(क) अधिकृत स्तर पदः**

(१) प्रहरी नायब महानिरीक्षक,

(२) प्रदेश प्रहरी वरिष्ठ उपरीक्षक,

(३) प्रदेश प्रहरी उपरीक्षक,

(४) प्रदेश प्रहरी नायव उपरीक्षक,

(५) प्रदेश प्रहरी निरीक्षक।

**(ख) सहायक स्तर पदः**

(१) प्रदेश प्रहरी वरिष्ठ नायब निरिक्षक,

(२) प्रदेश प्रहरी नायव निरीक्षक,

(३) प्रदेश प्रहरी सहायक निरीक्षक,

(४) प्रदेश प्रहरी वरिष्ठ हवल्दार,

(५) प्रदेश प्रहरी हवल्दार,

(६) प्रदेश प्रहरी सहायक हवल्दार,

(७) प्रदेश प्रहरी जवान।

**(ग) श्रेणी विहीनः**

(१) प्रहरी कार्यालय सहयोगी वा सो सरह।

८. <u>सङ्गठन संरचना र दरबन्दीः</u> (१) प्रदेश प्रहरीको सङ्गठन संरचना र संख्या प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना र संख्या निर्धारणका लागि सिफारिस गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव | - अध्यक्ष |
| (ख) प्रदेश प्रहरी प्रमुख | - सदस्य |
| (ग) कानून महाशाखा प्रमुख, मन्त्रालय | - सदस्य |
| (घ) कम्तीमा नवौं तहको अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (ङ) कम्तीमा नवौं तहको अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (च) प्रमुख (मानव स्रोत विकास हेर्ने), प्रदेश प्रहरी प्रधान कार्याल | - सदस्य |
| (छ) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय | - सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिमको समितिले सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार लिनु पर्नेछः-

(क) कार्यक्रम, कार्यबोझ, दायित्व, सेवा प्रवाहको प्रभावकारिता, उपलब्ध मानव स्रोत, लागत प्रभावको विश्लेषण तथा नवीन प्रविधिको प्रयोगको अवस्था र प्रदेशको आर्थिक क्षमता,

(ख) भौगोलिक अवस्था र जनसङ्ख्याको अनुपात,

(ग) शहरीकरण, बसाई सराई तथा जनघनत्व,

(घ) अपराधको अवस्था र शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चूनौती,

(ङ) कुनै खास प्रकृतिको सेवा र सुरक्षा प्रदान गर्नु पर्ने अवस्था,

(च) विकास निर्माण र राजमार्गको विस्तार,

(छ) तोकिए बमोजिमका अन्य आधार।

(४) यस दफा बमोजिम प्रदेश प्रहरीको सङ्गठन संरचना र दरबन्दी हेरफेर गर्दा प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका कर्मचारी अवकास नभएसम्म निज बहाल रहेको पद कायम रहने गरी गर्नु पर्नेछ।

९. <u>प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रणः</u> (१) प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण प्रदेश सरकारले गर्नेछ।

(२) प्रदेश प्रहरी प्रदेश सरकार र मन्त्रालयप्रति उत्तरदायी हुनेछ।

(३) प्रदेश प्रहरीले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवम् अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कार्य गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित नीति र कानून बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य प्रदेश प्रहरीले प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष रेखदेख, निर्देशन र सुपरिवेक्षणमा गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको कार्य गर्दा माथिल्लो प्रहरी प्रदेश प्रहरी प्रधान कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ। त्यसरी दिइएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कार्यालय तथा प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

(६) सुपरवेक्षणीय दायित्व अन्तर्गत प्रदेश सरकारले प्रदेश प्रहरी सेवामा देहाय बमोजिमको सुनिश्चितता कायम गर्नेछः-

(क) व्यावसायिक रूपमा दक्ष, कानूनप्रति उत्तरदायी र कर्तव्यपालनाप्रति जिम्मेवार प्रहरी सेवा,

(ख) कानूनको पालनामा जिम्मेवार र नागरिकप्रति जवाफदेही प्रहरी सेवा,

(ग) आवश्यक स्रोत साधन र प्रविधियुक्त प्रहरी सेवा।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुपरवेक्षणीय अधिकार अन्तर्गत देहायका कुरा समावेश भएको मानिने छैनः-

(क) न्यायमा अवरोध पुग्ने गरी कानूनी प्रक्रियामा हस्तक्षेप गर्ने,

(ख) कानून बमोजिम हुने कसुरको अनुसन्धान, जाँचबुझ तथा प्रमाण सङ्कलनमा हस्तक्षेप गर्ने वा अनुसन्धान अधिकारीको व्यावसायिक कार्य स्वतन्त्रतामा अवरोध हुने गरी निर्देशन दिने,

(ग) प्रदेश प्रहरीको दैनिक कार्य सञ्चालन एवम् प्रदेश प्रहरी सेवामा गरिने नियुक्ति, सरुवा, तालिम लगायतका विषयमा प्रचलित कानूनी व्यवस्था र स्वीकृत नीति विपरीत निर्देशन दिने।

(८) यस ऐन, प्रचलित कानून तथा प्रदेश सरकारको नीतिको अधीनमा रहेर प्रहरीको काम कारवाहीलाई जनमुखी र पहुँचयोग्य बनाई प्रदेशको शान्ति सुव्यवस्था, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कार्यलाई प्रभावकारी वनाउन प्रदेश प्रहरीले प्रदेश सरकारको स्वीकृतिमा तोकिए बमोजिमका प्रहरी प्रणाली मध्ये उपयुक्त प्रणाली अबलम्बन गरी प्रहरी परीचालन गर्न सक्नेछ।

(९) शान्ति सुरक्षा कायम गर्ने क्रममा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रुपमा परिचालन भएको अवस्थामा आफूभन्दा माथिको तोकिएको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

१०. <u>प्रदेश प्रहरी प्रशासनः</u> यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, अन्य प्रचलित कानून र प्रदेश सरकारले समय समयमा दिएको निर्देशनको अधीनमा रही प्रदेश प्रहरी प्रमुख तथा अन्य प्रहरी कर्मचारीबाट प्रदेश प्रहरी सङ्गठनको प्रशासन सञ्चालन हुनेछ।

११. <u>प्रदेश प्रहरी प्रमुखः</u> (१) प्रहरी नायव महानिरीक्षक प्रदेश प्रहरी सेवाको प्रमुख प्रहरी कर्मचारी हुनेछ र निजको नियुक्ति संघीय प्रहरी ऐन बमोजिम हुनेछ।

(२) प्रदेश प्रहरी प्रमुख आफ्नो काम, कर्तव्यको सम्बन्धमा मन्त्रालय र प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(३) उपदफा (२) बमोजिमको प्रदेश प्रहरी प्रमुखले प्रदेश प्रहरीको पोसाक, परिचय वा प्रतीक चिन्ह (लोगो) र दर्ज्यानी चिन्ह लगाई प्रहरी प्रमुखको रूपमा काम गर्नेछ।

(४) प्रदेश प्रहरी प्रमुखको पारिश्रमिक र सुविधा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीका लागि तोकिएको पारिश्रमिक र सुविधा भन्दा कम नहुने गरी तोकिए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम नियुक्त हुने प्रदेश प्रहरी प्रमुखले कार्यभार सम्हाल्नु भन्दा अघि मन्त्री समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

(६) प्रदेश प्रहरी प्रमुखले उपदफा (६) बमोजिम शपथ ग्रहण गर्नुअघि प्रदेश प्रहरीको लागि निर्धारित पोशाकमा सचिवबाट प्रदेश प्रहरीको प्रतिक चिन्ह (लोगो) लगाउनु पर्नेछ।

## परिच्छेद-४

## <u>प्रदेश प्रहरीको पदपूर्ति</u>

१२. <u>पदपूर्तिः</u> (१) प्रदेश प्रहरीको रिक्त पदपूर्तिका लागि प्रदेश प्रहरी प्रधान कार्यालयले मन्त्रालयमा लिखित विवरण पेश गर्नु पर्नेछ।

(२) प्रदेश प्रहरी सेवाका खुल्ला प्रतियोगिता द्वारा पूर्ति हुने पदमा दफा १६ बमोजिमको पदपूर्ति समितिको सिफारिसको आधारमा पदपूर्ति सम्बन्धी प्रक्रिया मन्त्रालयले सञ्चालन गर्नेछ।

(३) उपदफा (१) बमोजिम खुल्ला प्रतियोगिताको लिखित परीक्षा प्रदेश लोकसेवा आयोगले प्रचलित प्रदेश लोकसेवा आयोग ऐन र नियम बमोजिम सञ्चालन गर्नेछ।

(४) प्रदेश प्रहरीको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, पदपूर्ति प्रक्रिया तथा परीक्षा प्रणाली नेपाल प्रहरी कर्मचारीको लागि निर्धारण भए सरह हुनेछ।

(५) यस ऐनमा व्यवस्था भए देखि बाहेक प्रदेश प्रहरीको कुनै पनि पदमा अन्य तरिकाबाट पदपूर्ति गरिने छैन।

(६) प्रदेश प्रहरी सेवाको देहायको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

| पद | खुल्ला प्रतियोगिता (प्रतिशत) | आन्तरिक बढुवा (प्रतिशत) | जम्मा प्रतिशत |
|---|---|---|---|
| (क) प्रहरी कार्यालय सहयोगी वा सो सरह | १०० | - | १०० |
| (ख) प्रहरी जवान | १०० | - | १०० |
| (ग) प्रहरी सहायक हवल्दार | | १०० | १०० |
| (घ) प्रहरी हवल्दार | - | १०० | १०० |
| (ङ) प्रहरी वरिष्ठ हवल्दार | | १०० | १०० |
| (च) प्रहरी सहायक निरीक्षक | ६० | ४० | १०० |
| (छ) प्रहरी नायब निरीक्षक | - | १०० | १०० |
| (ज) प्रहरी वरिष्ठ नायब निरिक्षक | | १०० | १०० |
| (झ) प्रहरी निरीक्षक | ५० | ५० | १०० |
| (ञ) प्रहरी नायब उपरीक्षक | - | १०० | १०० |
| (ट) प्रहरी उपरिक्षक | | १०० | १०० |
| (ठ) बरिष्ठ प्रहरी उपरिक्षक र सो भन्दा माथिल्लो तहका पदहरु | | १०० | १०० |

(७) उपदफा (६) को खण्ड (घ) र (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ प्रहरी हवल्दार वा प्रहरी नायव निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुनसक्ने अवस्था नभएमा शत प्रतिशत खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ तल्लो पद नहुने पद पूर्ति गर्दा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

(९) उपदफा (६) को खण्ड (झ) बमोजिम प्रहरी निरीक्षक पदमा बढुवाद्धारा पदपूर्ति हुनसक्ने अवस्था नभएमा प्रथम पटकका लागि प्रदेश सरकारले निर्धारण गरे बमोजिमको प्रतिशतमा पदपूर्ति समितिले शत प्रतिशत सम्म खुला प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ति गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(१०) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२ बमोजिम पदपूर्ति गर्दा समावेशी सिद्धान्तका आधारमा खुला प्रतियोगितात्मक परीक्षाद्धारा पूर्ति हुने पद मध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी सो समूहका उम्मेदवारबीच छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदुपूर्ति गरिनेछ।

(११) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. <u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्था</u>: (१) प्रदेश प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका प्रत्येक समूहमा तेत्तीस प्रतिशत महिलालाई छुट्याई देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | |
|---|---|
| (क) खस आर्य | - पैतालिस प्रतिशत |
| (ख) दलित | - बाइस प्रतिशत |
| (ग) आदिवासी/जनजाती | - बाह्र प्रतिशत |
| (घ) पिछडिएको क्षेत्र | - दश प्रतिशत |
| (ङ) बेपत्ता, सहिद र अमर प्रहरी परिवारका सदस्य | - सात प्रतिशत |
| (च) मधेशी तथा मुस्लिम | - दुई प्रतिशत |
| (छ) थारु | - दुई प्रतिशत |

<u>स्पष्टीकरणः</u>

(१) यस उपदफाको खण्ड (क) को प्रयोजनको लागि "खस आर्य" भन्नाले प्रचलित कानून बमोजिम गरिबीको परिचयपत्र प्राप्त गरेको वा त्यसरी परिचयपत्र नभएसम्मका लागि तोकिए बमोजिम भन्दा कम बार्षिक आय भएको भनी सम्वन्धित स्थानीय तहले सिफारिस गरेको खस आर्य समुदायको आर्थिक रुपले विपन्न खस आर्य सम्झनु पर्छ।

(२) यस उपदफाको खण्ड (घ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले हुम्ला, डोल्पा, मुगु, जुम्ला, कालिकोट र जाजरकोट जिल्ला सम्झनु पर्छ।

(३) यस उपदफाको खण्ड (ख), (ग), (च) र (छ) को प्रयोजनको लागि "दलित, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र थारु" भन्नाले आर्थिक, सामाजिक वा शैक्षिक रुपमा पछाडि परेका दलित, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र थारु सम्झनु पर्छ।

(४) यस उपदफाको खण्ड (ङ) को प्रयोजनको लागि,-

(क) "सहिद परिवारका सदस्य" भन्नाले नेपाल राजपत्रमा प्रकाशित सहिदका बावुआमा, पति, पत्नी वा छोरा वा छोरी, सहोदर भाई वा बहिनी सम्झनु पर्छ।

(ख) "बेपत्ता परिवारका सदस्य" भन्नाले जनआन्दोलन र सशस्त्र संघर्षको क्रममा बेपत्ता पारिएका व्यक्तिको बावुआमा, पति, पत्नी वा छोरा वा छोरी, सहोदर भाई वा बहिनी सम्झनु पर्छ।

(ग) "अमर प्रहरी परिवारका सदस्य" भन्नाले विष्फोटन, सशस्त्र आक्रमण वा प्रहरी कारवाहीको क्रममा वा अन्य जोखिमपूर्ण वा चुनौतीपूर्ण काममा खटिएको समयमा

कुनै आकस्मिक दुर्घटना वा भीडन्तमा परी वीरगति प्राप्त प्रहरी कर्मचारीका बाबुआमा, पति,पत्नी वा छोरा वा छोरी, सहोदर भाई वा बहिनी सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम महिलाको लागि छुट्टाइएको पदमा सम्बन्धित समूहका महिलाहरु बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिलाहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने पदमा महिलाको लागि अलग्गै पद निर्धारण गरिने छैन।

(४) उपदफा (१) बमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा अधिकृतस्तर वा सहायकस्तर तहको पदमा एक पटक मात्र लिन पाउनेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिले सो उपदफा बमोजिमको एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने निजले त्यस्ता समूहमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र यस दफा बमोजिमको प्रतिस्पर्धा गर्न पाउनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्नेछ।

(७) उपदफा (१) बमोजिमको समूहको लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारमसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने तोकिए बमोजिमको कागजात पेश गर्नु पर्नेछ।

(८) उपदफा (१) बमोजिम कुनै पनि समूहका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गर्नु पर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गर्नु पर्नेछ।

(९) उपदफा (१) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घाताङ्क (फ्रयाक्सन) आएमा त्यस्तो घाताङ्क जुन समूहको हकमा घाताङ्क आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ।

(१०) एक तह वा श्रेणीमा यस दफा बमोजिम समावेशीको सुविधा लिई सकेपछि माथिल्लो तह वा श्रेणीमा पुनः त्यस्तो सुविधा पाउने छैन।

(११) यस दफा बमोजिमको आरक्षण सुविधा यो ऐन लागू भएको मितिले प्रत्येक दश वर्षमा प्रदेश सरकारले पुनरावलोकन गरी निर्धारण गर्नु पर्नेछ।

(१२) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. <u>पदपूर्तिमा बन्देजः</u> प्रदेश प्रहरी सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भए देखि बाहेक अन्य कुनै तरिकाबाट पदपूर्ति गरिने छैन।

१५. <u>पदपूर्ति गर्न नहुनेः</u> प्रदेश प्रहरी अभिलेखालयमा पद दर्ता नगरी प्रदेश प्रहरी सेवाको कुनै पनि पदमा पदपूर्ति गरिने छैन्।

१६. <u>पदपूर्ति समितिः</u> (१) प्रदेश प्रहरी सेवाको रिक्त पदमा बढुवा तथा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रदेश लोकसेवा आयोगको अध्यक्ष वा निजले

तोकेको सो आयोगको सदस्य - अध्यक्ष

(ख) सचिव - सदस्य

(ग) प्रदेश प्रहरी प्रमुख - सदस्य-सचिव

(२) प्रहरी निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोकसेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी बढुवा समितिले आवश्यकता अनुसार बढीमा पाँच सदस्य रहेको उपसमिति गठन गरी आफूमा रहेको अधिकार सुम्पन सक्नेछ।

(३) यस ऐन बमोजिम बढुवाद्धारा पूर्ति गर्न छुट्याईको पदको विवरण र संख्या पदपूर्ति समितिले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(४) समितिले बढुवाको अन्तिम नतिजा प्रकाशन तथा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट उत्तीर्ण उम्मेदवारहरुको नामावली नियुक्तिको लागि अख्तियारवाला समक्ष पेश गर्नेछ।

(५) पदपूर्ति समितिले यस ऐन बमोजिम खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्न आवश्यकता अनुसार भर्ना छनौट समिति वा उपसमिति गठन गर्न सक्नेछ।

(६) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. <u>प्रदेश प्रहरीको न्यूनतम योग्यता तथा अयोग्यताः</u> (१) खुला प्रतियोगिताद्धारा पूर्ति हुने प्रदेश प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता तोकिए बमोजिम हुनेछ।

(२) देहायका व्यक्ति प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(घ) अदालतबाट मानव अधिकार हनन्मा कसूरदार ठहरिएको।

१८. <u>परीक्षाको पाठ्यक्रमः</u> प्रदेश प्रहरीको खुला प्रतियोगिताद्धारा रिक्त पदमा पदपूर्ति गर्न आवश्यक पर्ने पाठ्यक्रम तोकिए बमोजिम हुनेछ।

१९. <u>नियुक्तिः</u> (१) यस ऐन बमोजिम खुल्ला प्रतियोगिता र बढुवा प्रक्रियाद्धारा पदपूर्ति हुने पदमा समितिको सिफारिस बमोजिम नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) वरिष्ठ प्रहरी उपरीक्षक वा सो भन्दा माथिल्लो पदमा - प्रदेश सरकार

(ख) प्रहरी उपरीक्षक पदमा - मन्त्री

(ग) प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षक पदमा - सचिव

(घ) प्रहरी वरिष्ठ नायव निरीक्षक, प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा

- प्रहरी बरिष्ठ उपरिक्षक वा सो भन्दा माथिल्लो प्रहरी अधिकृत

(ङ) बरिष्ठ प्रहरी हवल्दार, प्रहरी हवल्दार र प्रहरी जवान पदमा

- प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृत

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले पदपूर्ति समितिको सिफारिसको योग्यताक्रमका आधारमा सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिने नियुक्ति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

२०. परीक्षणकालः (१) खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा नियुक्ति पाएको प्रहरी कर्मचारीलाई आधारभूत तालिम सम्पन्न भएपछि एक वर्षको परीक्षणकालमा राखिनेछ।

(२) यस ऐन बमोजिमको परीक्षणकाल पूरा गरेका प्रहरी कर्मचारीको सुरु नियुक्ति स्वतः सदर भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ति सदर भएका प्रहरी कर्मचारीको सेवा अवधि सुरु नियुक्ति भएको मिति देखि कायम हुनेछ।

२१. नियुक्ति बदर हुने अवस्थाः (१) देहायको अवस्थामा नियुक्ति गर्ने अधिकारीले प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः-

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुन: असफल भएमा,

(ग) प्रदेश प्रहरी कर्मचारीमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीले तोके बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

(२) प्रदेश प्रहरीमा भर्ना हुँदाका बखत तोकिए बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा निजको नियुक्ति कुनै पनि समयमा बदर गरी निजले सो सेवा बापत प्राप्त गरेको तलब असुलउपर गरी कानून बमोजिम कारबाही हुनेछ।

२२. शपथ ग्रहणः आधारभूत तालिममा उत्तिर्ण भएको प्रहरी कर्मचारीले तोकिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

२३. पोशाक र दर्ज्यानी चिन्हः (१) प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीले लगाउने पोशाकमा राखिने नेपालको राष्ट्रियता र प्रदेशको पहिचान झल्किने चिन्ह वा लोगो प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

२४. पदाधिकार कायम रहनेः देहायको अवस्थामा प्रदेश प्रहरीको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) प्रदेश सरकारद्वारा तोकिएको अवधिभर काम गरुन्जेल,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

२५. <u>कायम मुकायम र निमित्तः</u> (१) प्रदेश प्रहरीको कुनै पनि पदमा सामान्यतया कायम मुकायम मुकरर गरिने छैन।

तर प्रदेश प्रहरी प्रमुखको पद रिक्त रहेको अवस्था परी प्रदेश प्रहरी प्रधान कार्यालयको दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ।

(२) कायम मुकायम मुकरर भएको प्रहरी कर्मचारीले कायम मुकायम मुकरर भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ।

(३) यस दफा बमोजिम कायम मुकायम नतोकिएको अवस्थामा पन्ध्र दिन भन्दा बढी ननाघ्ने गरी कुनै कारणले प्रदेश प्रहरी प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ। यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रहरी कर्मचारीको हुनेछ।

(४) प्रहरी कर्मचारीले जुन पदमा कायम मुकायम वा निमित्त भई काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ।

(५) उपदफा (४) बमोजिम काम गर्ने प्रहरी कर्मचारीले पाउने तलब भत्ताको अङ्क निजले बढुवा हुँदा पाउने तलब भत्ताभन्दा बढी हुने छैन।

(६) एकै अवधिमा कुनै एक पदमा एकभन्दा बढी प्रहरी कर्मचारी कायम मुकायम मुकरर हुन सक्ने छैन।

## परिच्छेद-५

## <u>प्रदेश प्रहरीको तालिम सम्बन्धी व्यवस्था</u>

२६. <u>तालिम अनिवार्य लिनु पर्नेः</u> प्रदेश प्रहरी सेवामा रहेका सबै प्रहरी कर्मचारीले आवश्यकता अनुसार अनिवार्य तालिम लिनु पर्नेछ।

२७. <u>आधारभूत तथा वृत्ति विकास सम्बन्धी तालिमः</u> (१) प्रदेश प्रहरीको विभिन्न पदमा गर्नुपर्ने आधारभूत, सेवाकालीन तथा विशिष्टिकृत र वृत्ति विकास सम्बन्धी तालिमको आवश्यकताको पहिचान, पाठ्यक्रमको निर्माण, तालिमको अवधि, प्रशिक्षण स्तरको लागि आवश्यक पर्ने मापदण्ड प्रचलित संघीय प्रहरी ऐन र सो अन्तर्गत बनेको नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ। प्रदेशको परिवेश र आवश्यकता अनुसार तालिम थप गर्न सकिनेछ।

(२) तालिममा समावेश भएको प्रहरी कर्मचारीले लापरवाही वा गैरजिम्मेवारी कार्य गरेमा वा तालिमप्रति उदाशीनता देखाएमा सो व्यहोरा अभिलेखमा जनाइनेछ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. <u>प्रशिक्षण सम्बन्धी संस्थागत व्यवस्थाः</u> (१) प्रदेश प्रहरीका विभिन्न पदको कार्य प्रकृति र जिम्मेवारी अनुसारको दक्षता र कार्यक्षमता अभिबृद्धिका लागि आवश्यक हुने तालिमका योजना तथा कार्यक्रम विकास गर्न, पाठ्यक्रम तयार गर्न र तालिम सम्वन्धी स्तर निर्धारणका लागी तोकिए बमोजिमको प्रदेश प्रहरी प्रशिक्षण व्यवस्थापन समिति रहनेछ।

(२) प्रदेश प्रहरी प्रधान कार्यालय अन्तरगत प्रदेश प्रहरी प्रशिक्षण प्रतिष्ठान रहनेछ र सो मातहत प्रदेशको भौगोलिक विशिष्टता, समसामयिक परिस्थिति, मौसमी अवस्था र संस्थागत आवश्यकताको आधारमा

सक्षम, सबल, व्यवसायिक, जिम्मेवार र विशिष्टिकृत जनशक्ति उत्पादन गर्न प्रहरी तालिम केन्द्र स्थापना गर्न सकिनेछ।

२९. **वैदेशिक तालिमः** प्रदेश प्रहरी अधिकृत तथा जवानहरुलाई वैदेशिक तालिम, गोष्ठी, भ्रमण र अध्ययनका लागि मनोनयन गर्दा संगठनको आवश्यकता, सेवा विशिष्टिकरण, ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्यसम्पादन क्षमता र दक्षताका आधारमा तोकिए बमोजिमको समितिले प्रदेश प्रहरी संगठनबाट सम्भाव्य उम्मेदवारको नाम छनौट गरी सिफारिस साथ प्रदेश प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ। यसरी वैदेशिक तालिममा सिफारिस गर्दा योग्य प्रहरी अधिकृत तथा जवानहरु मध्येबाट समान अवसर पाउने गरी सिफारिस गरिनेछ।

## परिच्छेद-६

## बढुवा सम्बन्धी व्यवस्था

३०. **बढुवा समितिः** (१) प्रदेश प्रहरी कर्मचारीको देहायका पदमा बढुवा प्रक्रियाद्धारा पदपूर्तिका लागि सिफारिस गर्न देहायबमोजिमका छनौट समिति रहनेछन्:-

(क) अधिकृतस्तर पदका लागि:-

(१) सचिव - अध्यक्ष

(२) सचिव, प्रदेश लोकसेवा आयोग - सदस्य

(३) प्रदेश प्रहरी प्रमुख - सदस्य-सचिव

(ख) सहायकस्तर पदका लागि:-

(१) प्रदेश प्रहरी प्रमुख - अध्यक्ष

(२) प्रमुख, शान्ति सुरक्षा महाशाखा, मन्त्रालय - सदस्य

(३) अधिकृत प्रतिनिधि, कम्तीमा नवौं तहको, प्रदेश लोक सेवा आयोग - सदस्य

(२) बुढवा समितिमा रहेका प्रहरी पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नुपर्ने भएमा प्रहरी पदाधिकारीको हकमा प्रदेश प्रहरी प्रमुख र निजामती कर्मचारीको हकमा मन्त्रालयको सचिवले त्यस्तो पदाधिकारीको सट्टा समान तहको पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनी आमा, पति, पत्नी, छोरा, बुहारी, छोरी ज्वाई, दाजुभाउजु, भाई बुहारी, दिदि भिनाजु, बहिनी, बहिनी ज्वाँई, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाई, भान्जा, भान्जी बुहारी, भान्जी, भान्जी ज्वाई, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाई, सासु, ससुरा, देवर, देवरानी, नन्द, आमाजु, जेठाजु, साला र साली सम्झनु पर्छ।

(३) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाका लागि सिफारिस गर्नु पर्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको लागि जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

(५) प्रहरी सेवामा रिक्त हुन आई बढुवाद्धारा पदपूर्ति गर्नुपर्ने पदमा रिक्त भएको मितिले तीन महिनाभित्र बढुवाद्धारा पदपूर्ति गरी सक्नुपर्नेछ।

(६) यस दफा बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(७) बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. <u>बढुवाको सम्भाव्य उम्मेदवार हुने</u>: प्रदेश प्रहरीको रिक्त पदमा बढुवाको निमित्त उम्मेदावर हुन बढुवा हुने श्रेणी वा तह भन्दा एक श्रेणी वा तह मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) सहायकस्तर पदको निमित्त तीन वर्ष,

(ख) अधिकृतस्तर पदको निमित्त पाँच वर्ष,

(ग) सहायकस्तर पदबाट अधिकृतस्तर पदको लागि आठ वर्ष।

३२. **<u>बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने</u>:** प्रदेश प्रहरी कर्मचारी बढुवाको लागि देहायको अवस्था र अवधिभर सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाईपाई आएको तलब वृद्धि घटुवा भएकोमा जति वर्षको तलब वृद्धि घटुवा भएको हो त्यही वर्षसम्म,

(च) ज्येष्ठता सहितको सुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(छ) बहाल रहेको पदमा तीनपटक भन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसहित पाएको मितिले एक वर्षसम्म,

(ज) पुनर्बहाली भएको प्रहरी कर्मचारिको हकमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म,

(झ) प्राविधिक प्रहरी कर्मचारीको हकमा निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको शर्तनामा उल्लेख भएको अवधिभर।

३३. <u>बढुवाको आधार</u>: (१) बढुवा समितिले प्रहरी कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मूल्याङ्कनको गर्दा देहाय बमोजिम बढीमा एक सय अङ्क दिइनेछ।

| | |
|---|---|
| (क) कार्यसम्पादन मूल्याङ्कन बापत | - चालीस अङ्क |
| (ख) ज्येष्ठता बापत | - तीस अङ्क |
| (ग) भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत | - पन्ध्र अङ्क |
| (घ) तालिम बापत | - दश अङ्क |

(ङ) शैक्षिक योग्यता बापत - पाँच अङ्क

(३) सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्त सम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवा समितिको बैठक बस्नु भन्दा अघिल्लो दिनसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

(४) श्रेणी विहिन पदको बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. <u>कार्यसम्पादन मूल्याङ्कन फारामः</u> (१) प्रदेश प्रहरी कर्मचारीले तोकिए बमोजिमको ढाचाँको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गर्नु पर्नेछ।

(२) प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गर्नु पर्नेछ।

(३) प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम अङ्क - पच्चीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने - दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने - पाँच अङ्क

(४) बढुवाको प्रयोजनको लागि कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

(५) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. <u>ज्येष्ठता मूल्याङ्कनः</u> प्रदेश प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई दशमलव पाँच अङ्कका दरले बढीमा तीस अङ्क दिइनेछ।

तर,

(क) एक वर्ष भन्दा बढी अवधिको सेवा सम्बन्धमा महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिईनेछ।

(ख) गयल कट्टी भएको अवधिको ज्येष्ठता बापतको अङ्क दिइने छैन।

३६. <u>भौगोलिक क्षेत्र बापतको मूल्याङ्कनः</u> (१) प्रदेश प्रहरी कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापतको अङ्क प्रदान गर्दा तोकिए बमोजिम भौगोलिक क्षेत्रलाई क्रमशः क, ख र ग गरी तीन वर्गमा विभाजन गरी वार्षिक रुपमा काम गरेको अनुभव बापत पन्ध्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि पाँच दशमला पाँच अङ्कका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि पाँच अङ्कका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि चार दशमलव पाँच अङ्कका दरले।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा एकसय असी दिन वा सोभन्दा बढी अवधि रुजु हाजिर भई काम गरेको भए सोही भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्कको दामासाही हिसाबले र एकसय असी दिनभन्दा कम अवधि काम गरेको भए जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "ग" वर्गको लागि तोकिएको अङ्क दिइनेछ।

(३) प्रदेश प्रहरी सेवाबाट बर्खास्त भई पुनर्बहाली भएको वा निलम्बन भई त्यस्तो निलम्बन फुकुवा भएको प्रहरी कर्मचारीको हकमा निज रुजु हाजिर नभएको अवधिको बर्खास्त वा निलम्बन हुँदा कार्यरत रहेको भौगोलिक क्षेत्रमा काम गरे बापत सरहको अङ्क दिईनेछ।

(४) संयुक्त राष्ट्र संघीय मिशनमा खटिएको वा विदेशस्थित नेपाली कुटनीतिक नियोगमा खटिएको प्रदेश प्रहरी कर्मचारीलाई "ग" वर्गको र अध्ययन बिदा वा तीन महिना वा सो भन्दा बढी अवधिको लागि वैदेशिक तालिममा जाने त्यस्तो प्रहरी कर्मचारीलाई "ग" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन पदमा बढुवा हुने हो सो पदभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

(६) यस दफामा जनुसुकै कुरा लेखिएको भए तापनि यस ऐन प्रारम्भ हुनु अघि कुनै प्रदेश प्रहरी कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरेको अङ्क घट्ने छैन। त्यसरी प्राप्त गरेको अङ्कलाई पूर्णाङ्क दशमा परिणत गरी सोही बमोजिम प्राप्ताङ्क निर्धारण गरिनेछ।

३७. <u>शैक्षिक योग्यता:</u> (१) बढुवाका लागि प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा सात अङ्क दिइनेछः-

| शैक्षिक योग्यता | अङ्क |
|---|---|
| (क) हाल बहाल रहेको पदमा नियुक्ती हुन आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत | तीन |
| (ख) न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको शैक्षिक योग्यता बापत थप | दुई |
| (ग) बढुवाद्धारा हालको पदमा बहाल रहेको प्रहरी कर्मचारीको हकमा खण्ड (क) बमोजिमको शैक्षिक योग्यता नभएमा सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता बापत तीन अङ्क प्रदान गरिनेछ। | |

(२) यस ऐन बमोजिम प्रहरी कर्मचारीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३८. <u>तालिमः</u> (१) प्रहरी कर्मचारी माथिल्लो पदमा बढुवा हुन प्रदेश प्रहरी सेवाको पदमा रहँदा लिएको आधारभूत र सेवाकालीन तालिम बापत देहाय बमोजिम बढीमा दश अङ्क दिइनेछः-

| **सि.नं.** | **तालीमको किसिम** | **(क) श्रेणी** | **(ख) श्रेणी** | **(ग) श्रेणी** |
|---|---|---|---|---|
| १ | आधारभूत/सेवा कालीन तालीम | पाँच | चार | तीन |
| २ | आधारभूत/सेवा कालीन तालीम | पाँच | चार | तीन |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरी कर्मचारीलाई तालिम बापतको अङ्क दिंदा पन्ध्र कार्य दिनभन्दा कम अवधिको तालिमको लागि कुनै अङ्क दिइने छैन्।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै प्रहरी कर्मचारीको अङ्क गणना गर्दा "ख" श्रेणी बराबरको अङ्क गणना गरिनेछ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अङ्क एक तह माथिको पदमा मात्र बढुवाको लागि गणना गरिनेछ।

(५) कुनै प्रदेश प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ हुनु भन्दा अघि हासिल गरेको तालिमको हकमा तालिमबापत प्राप्त गरेको अङ्कलाई अधिकतम दश अङ्कमा परिणत गरी उपदफा (१) बमोजिम अङ्क प्रदान गरिनेछ।

(६) आधारभूत तालिम बापतको अङ्क सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि गणना गरिने छैन्।

(७) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. <u>बढुवा सम्बन्धी विशेष व्यवस्थाः</u> (१) प्रदेशको लागि देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने प्रहरी जवान देखि सहायक निरिक्षक सम्मका प्रहरी कर्मचारीलाई दफा ३० को उपदफा (१) को खण्ड (ख) बमोजिमको बढुवा समितिले एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्नेछः-

(क) राष्ट्र तथा आफू सेवारत प्रहरी प्रदेश प्रहरी प्रधान कार्यालयको मान, प्रतिष्ठा र गौरव बढाउन प्रसंशनीय, श्रृजनात्मक र लगनशील भई कार्य गरेको,

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी संगठनको छवी उच्च राख्न विशेष योगदान पुऱ्याएको,

(ग) प्रदेश प्रहरी सेवामा रही कर्तव्य पालनाको शिलशिलामा वीरगती प्राप्त गरेको वा शारीरिक रुपमा अशक्त भई सेवाबाट अवकाश लिनपर्ने अवस्थाको,

(घ) चुनौतीपूर्ण वा विशेष जिम्मेवारीपूर्ण कार्य गरेको।

(२) उपदफा (१) बमोजिम बढुवा गरेको पन्ध्र दिन भित्र बढुवा भएका कर्मचारीको नाम, पद, बढुवा गर्नु पर्ने आधार र औचित्य सहितको लिखित विवरण प्रदेश प्रहरी प्रधान कार्यालयले मन्त्रालयलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम एक आर्थिक वर्षमा एउटा श्रेणीमा बढीमा दुई जना गरी विभिन्न श्रेणीका बढीमा छ जना सम्मलाई बढुवा गर्न सक्नेछ।

४०. <u>स्वतः बढुवा सम्बन्धी व्यवस्थाः</u> (१) एउटै पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र कार्यसम्पादनमा प्रतिकूल टिप्पणी नभएका प्रहरी जवान देखि प्रहरी उपरीक्षक दर्जासम्मका प्रहरी कर्मचारी अनिवार्य अवकाश हुने भएमा अवकाश हुनु भन्दा एक महिना अघि त्यस्ता प्रहरी कर्मचारीलाई स्वतः एक तह माथिको पदमा बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्नका लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो प्रहरी कर्मचारी अवकाश भएपछि उक्त पद स्वतः खारेज हुनेछ।

(३) उपदफा (१) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीलाई बढुवा हुनु भन्दा अघिको पदबाट अवकाश हुँदा पाउने सुविधा भन्दा घटी नहुने गरी बढुवा भएको पद अनुसारको सुविधा दिइनेछ।

४१. <u>मानार्थ बढुवा सम्बन्धी व्यवस्थाः</u> (१) विगत पाँच वर्षसम्मको कार्यसम्पादन मूल्याङ्कनमा प्रतिकूल टिप्पणी नभएको र दफा ४० बमोजिम स्वतः बढुवाको लागि तोकिएको अवधि पूरा नगरी अनिवार्य अवकाश हुन

लागेको प्रहरी जवानदेखि प्रहरी उपरीक्षक दर्जासम्मका प्रहरी कर्मचारीलाई अवकाश हुनु भन्दा एक महिना अघि अख्तियारवालाले एक तह माथिको पदमा मानार्थ बढुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मानार्थ बढुवा हुने प्रहरी कर्मचारीले दर्ज्यानी चिन्ह प्रयोग गर्न पाउनेछ तर त्यसरी बढुवा हुने प्रहरी कर्मचारीले मानार्थ बढुवा भएको पद सरहको सुविधा पाउने छैन।

४२. <u>बढुवा उपरको उजुरीः</u> (१) यस ऐन बमोजिम बढुवा समितिले गरेको बढुवा सिफारिसमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले बढुवाको सूचना प्रकाशित भएको मितिले सात दिनभित्र देहायको समिति समक्ष उजुरी दिन सक्नेछः-

(क) प्रदेश लोकसेवा आयोगको अध्यक्ष - अध्यक्ष

(ख) प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको सो आयोगको सदस्य - सदस्य

(ग) सचिव (कानून हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने समितिले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ।

(३) बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारीस संशोधन गर्नु पर्ने देखेमा सो समेत गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

## परिच्छेद-७

## <u>सरुवा र काज</u>

४३. <u>सरुवाः</u> (१) यस ऐनको अधिनमा रही सामान्यतया प्रहरी कर्मचारीको सरुवा प्रत्येक दुई दुई वर्षमा गरिनेछ।

तर अधिकृत स्तरको प्रहरी कर्मचारी तथा प्रहरी इकाई प्रमुखको सरुवा सामान्यतया एक वर्षमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कार्यविविधता समेतको आधारमा समान अवसर प्राप्त हुने गरी गरिनेछ।

(३) सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन प्रदेश प्रहरी प्रधान कार्यालयले सरुवा समय तालिका समेत समावेश गरी मापदण्ड बनाउनेछ र सो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सरुवा अवधि नपुग्दै कुनै प्रहरी कर्मचारीलाई सरुवा गर्न सकिनेछः-

(क) निजले आचरण विरुद्धको कार्य गरेको प्रमाणित भएमा,

(ख) निजले पद अनुसारको जिम्मेवारी पुरा गर्न नसकेमा,

(ग) निजलाई उक्त स्थानमा राखिरहँदा सम्बन्धित स्थानको शान्ति सुरक्षा एवम् कार्य वातावरण बिग्रने अवस्था आई परेमा,

(घ) यस ऐन बमोजिम निजलाई विभागीय सजाय गर्नुपर्ने भएमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्था आएमा।

(५) प्रदेश प्रहरी सेवामा समायोजन भएका वा यस ऐन बमोजिम नियुक्त भएका प्रहरी कर्मचारीले अर्को प्रदेशमा विवाह भएको कारण सो प्रदेशमा सरुवा हुन माग गरेमा दुवै प्रदेशको सहमतिमा अख्तियारवालाले सरुवा गर्न सक्नेछ।

(६) प्रहरी कर्मचारीहरुको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. <u>सरुवा गर्ने अधिकारी:</u> प्रहरी कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) प्रहरी नायव महानिरीक्षक र प्रहरी वरिष्ठ उपरीक्षकलाई मन्त्रालयको सिफारिसमा प्रदेश मन्त्रिपरिषद्ले,

(ख) प्रहरी उपरीक्षकलाई सचिवले,

(ग) प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षकलाई प्रदेश प्रहरी प्रमुखले,

(घ) प्रहरी प्रदेश प्रहरी प्रधान कार्यालय सहयोगी देखी प्रहरी वरिष्ठ नायब निरीक्षकसम्मका प्रहरी कर्मचारीलाई प्रहरी वरिष्ठ उपरीक्षकले।

४५. <u>काज सम्बन्धी व्यवस्थाः</u> (१) प्रहरी कर्मचारीलाई आवश्यकता अनुसार काजमा खटाउन सकिनेछ।

(२) प्रहरी कर्मचारीको काज सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## <u>प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार</u>

४६. <u>प्रदेश प्रहरी प्रधान कार्यालयः</u> प्रदेशमा रहने प्रहरी कर्मचारीको सञ्चालन र रेखदेख गर्ने प्रयोजनका लागि प्रदेश प्रहरीको मुख्य प्रदेश प्रहरी प्रधान कार्यालयको रुपमा प्रदेशमा एक प्रदेश प्रहरी प्रधान कार्यालय रहनेछ।

४७. <u>तयारी अवस्थामा रहनु पर्नेः</u> (१) नियमित डिउटीमा रहेको अवस्थामा बाहेक सामान्यतयाः जगेडामा रहेको मानिनेछ। संगठनलाई आवश्यक परेमा प्रहरी अधिकृत तथा जवानलाई हाजिर हुन जानकारी गराउन सकिनेछ। त्यस्तो जानकारी प्राप्त हुन आएमा त्यस्ता प्रहरी अधिकृत तथा जवानले संगठनले तोकेको कुनै पनि इकाईमा तत्काल हाजिर हुनु पर्नेछ।

(२) प्रहरी अधिकृत तथा जवान डिउटीमा तैनाथ रहनु पर्ने समयावधि र मापदण्ड तोकिए बमोजिम हुनेछ।

४८. <u>समन्वय गर्नु पर्नेः</u> (१) प्रदेश प्रहरीले प्रदेशको शान्ति सुरक्षा र प्रदेशको काबु बाहिरको शान्ति सुव्यवस्था सम्बन्धमा प्रदेश सरकार मार्फत संघीय प्रहरीसँग समन्वय गर्नु पर्नेछ।

(२) प्रदेश प्रहरीले अपराध अनुसन्धानको सिलसिलामा प्रदेश सरकारको अनुमति लिई अन्य प्रदेश प्रहरीसँग समन्वय र सहकार्य गर्न सक्नेछ। त्यसरी गरिएको कार्यको जानकारी प्रदेश प्रहरी प्रमुखले यथाशीघ्र मन्त्रालयमा गराउनु पर्नेछ।

४९. <u>अधिकार प्रयोग र प्रत्यायोजनः</u> (१) प्रहरी अधिकृत तथा जवानहरुले यस ऐन वा प्रचलित अन्य कानूनले निर्दिष्ट गरे बमोजिम अधिकार प्रयोग र प्रत्यायोजन गर्न सक्नेछन्।

(२) प्रहरी अधिकृत तथा जवानहरुले पाएको अख्तियार निजभन्दा माथिका दर्जाका प्रहरी अधिकृत तथा जवानहरुले प्रयोग गर्न पाउनेछ।

५०. <u>प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकारः</u> (१) यस ऐनको अधीनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) प्रदेशभित्र नागरिकको जीउ, धनको सुरक्षा गरी नागरिक स्वतन्त्रताको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सुचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(ङ) प्रदेशभित्र यातायात, भवन, संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(च) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायहरुसँग सहयोग र समन्वय जुटाउने,

(छ) प्रदेशभित्र विपद्का समयमा उद्दार, राहत, पुनर्स्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(ज) प्रदेशभित्र घटेका अपराध सम्बन्धी प्रादेशिक अभिलेख राख्ने,

(झ) प्रचलित कानून बमोजिम प्रदेश कारागार, हिरासत कक्ष तथा कारागार र हिरासत कक्षमा रहेका कैदी र बन्दीको  सुरक्षा व्यवस्था मिलाउने,

(ञ) ट्राफिक प्रहरीलाई समयानुकुल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(ट) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा प्रदायक तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(ठ) प्रदेश प्रहरीको तालीम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ड) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ढ) बेवारिस सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(ण) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसुरको सम्बन्धमा माग भएको सहयोग उपलब्ध गराउने,

(त) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नु पर्ने भएमा सङ्घीय कानून बमोजिम सो को लागि समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(थ) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदान प्रदान र समन्वय गर्ने,

(द) प्रदेशभित्र रहेका धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण गर्ने र गैरसरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाले गर्ने गतिविधिको निगरानी गर्ने,

(ध) प्रचलित कानून वमोजिम नेपाल प्रहरी वा अन्य निकाय वा अधिकारीले अनुसन्धान गर्ने कसुर बाहेक प्रदेशभित्र भएका नेपाल सरकार वादी हुने अन्य सबै कसुरको सम्वन्धमा प्रचलित कानून बमोजीम अनुसन्धान गर्ने,

(न) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्यहरू,

(प) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) सार्वजनिक आवागमन अवरोध सम्बन्धमा प्रचलित कानून बमोजिम नेपाल प्रहरीलाई भएको अधिकार प्रदेश प्रहरीले प्रयोग गर्न सक्नेछ।

(३) प्रदेश प्रहरीले सूचना र सञ्चार प्रविधिसँग सम्बन्धित उपकरणहरुको प्रयोग गर्दा नेपाल प्रहरीसँग समन्वय गरी प्रयोग गर्नु पर्नेछ।

(४) प्रहरी अधिकृत तथा जवानहरुले यस ऐन वा प्रचलित अन्य कानूनले निर्दिष्ट गरे बमोजिम अधिकार वा अख्तियार प्रयोग गर्नेछ।

**५१.** <u>जानकारी गराउने</u>ः (१) प्रदेश प्रहरीले सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित सूचना सङ्कलन गरेको र सोको आधारमा सुरक्षा व्यवस्था मिलाएको सम्बन्धमा मन्त्रालय र नेपाल प्रहरीलाई जानकारी गराउनु पर्नेछ।

(२) प्रदेश प्रहरीले अपराध अनुसन्धान गरेको मुद्दा सम्बन्धी मासिक प्रतिवेदन मन्त्रालय, नेपाल प्रहरी लाई उपलब्ध गराउनु पर्नेछ।

**५२.** <u>पक्राउ गर्न सक्ने अधिकारः</u> (१) प्रदेश प्रहरीले कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्ने भएमा पक्राउ गरी संघीय कानूनले निर्धारण गरेको प्रक्रिया अपनाई सम्बन्धित निकायमा उपस्थित गराउनु पर्नेछः-

(२) प्रहरी अधिकृत तथा जवानहरुले देहायका व्यक्तिलाई पक्राउ पूर्जी बिना गिरफ्तार गर्न सक्नेछः-

(क) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने अपराधमा संलग्न भएको व्यक्ति,

(ख) कुनै अपराधमा संलग्न रही फरार रहेको व्यक्ति वा कानून बमोजिम सजाय भई फरार रहेको अपराधी,

(ग) कर्फ्यू लागेको समयमा शंकास्पद तरिकाले हिँडडुल गरिरहेको व्यक्ति,

(घ) मनासिब कारण नभई रातमा हातहतियार, खरखजाना वा शंकास्पद चिजबस्तु साथमा लिई हिँडेको व्यक्ति

(ङ) कानून बमोजिम थुनिएको ठाउँबाट भागेको वा भाग्ने उद्योग गरिरहेको व्यक्ति,

(च) नेपाली सेना, नेपाल प्रहरी सेवा र सशस्त्र प्रही बल नेपाल छाडी भागेको व्यक्ति,

(छ) प्रचलित कानून बमोजिमको अपराध गरेको व्यक्ति,

(ज) कसूर प्रमाणित भई कैद वा जरिवानाको फैसला पश्चात सो बमोजिमको सजाय भुक्तान नगरेको व्यक्ति।

**५३.** <u>अभिलेख राख्नु पर्नेः</u> प्रहरी प्रदेश प्रहरी प्रधान कार्यालयहरुले दैनिक रुपमा सम्पादन गरेका कार्यहरुको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

परिच्छेद-९

## <u>प्रहरी कर्मचारीको तलब, भत्ता, रासन तथा अन्य सुविधा</u>

५४. <u>प्रदेश प्रहरी कर्मचारीले पाउने सुविधाः</u> (१) प्रदेश प्रहरी अधिकृत जवान तथा सहयोगीले तलब भत्ता, रासन, चाडबाड खर्च, उपचार खर्च, निवृतिभरण तथा अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) प्रदेश प्रहरी अधिकृत तथा जवानले सेवा अवधिभर अधिकृतस्तरको प्रहरी भए बाह्र महिना बराबरको, सहायक स्तर प्रथम तहको प्रहरी भए अठार महिना बराबरको र अन्य सहायक स्तर र तह बिहिन प्रहरी भए एक्काईस महिना बराबरको खाई पाई आएको तलब सरह उपचार खर्च रकम तोकिए बमोजिमको प्रक्रिया र मापदण्ड पूरा गरी पाउनेछ।

(३) सञ्चयकोष सम्बन्धी व्यवस्था प्रदेश प्रहरी कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरी दिनेछ।

५५. <u>बीमा सम्बन्धी व्यवस्थाः</u> प्रदेश सरकारले तोकेबमोजिम प्रदेश प्रहरी कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

५६. <u>प्रहरी कल्याण कोषः</u> (१) प्रदेश प्रहरीको हित अभिवृद्धिको लागि प्रदेश प्रहरी कल्याण कोष स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा जम्मा हुने रकम त्यसको उपयोग, सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५७. <u>बिदाः</u> (१) प्रहरी कर्मचारीले देहाय बमोजिमका बिदा पाउनेछन्:-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरीया बिदा,

(ङ) प्रसुती बिदा,

(च) प्रसुती स्यहार बिदा,

(छ) सट्टा बिदा,

(ज) अध्ययन बिदा,

(झ) विवाह बिदा।

(२) उपदफा (१) बमोजिम प्रहरी कर्मचारीले पाउने बिदा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०

## <u>प्रदेश प्रहरी सेवाका कर्मचारीको अवकाश, उपदान तथा निवृत्तिभरण तथा राजीनामा</u>

५८. <u>अवकाशः</u>(१) देहायका प्रहरी कर्मचारीले देहाय बमोजिमको कुनै एक आधारमा सरकारी सेवाबाट अनिवार्य अवकाश पाउनेछः-

(क) देहायको पदमा बहाल रहेका प्रहरी कर्मचारीको देहाय बमोजिम उमेर पूरा भएमाः-

(१) प्रहरी नायब महानिरीक्षक - ५८ वर्ष

(२) प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक - ५८ वर्ष

(३) प्रहरी नायब उपरीक्षक - ५५ वर्ष
(४) प्रहरी निरीक्षक - ५५ वर्ष
(५) प्रहरी वरिष्ठ नायब निरीक्षक - ५५ वर्ष
(६) प्रहरी नायब निरीक्षक - ५५ वर्ष
(७) प्रहरी सहायक निरीक्षक - ५५ वर्ष
(८) प्रहरी वरिष्ठ हवल्दार - ४८ बर्ष
(९) प्रहरी हवल्दार - ४८ बर्ष
(१०) प्रहरी सहायक हवल्दार - ४८ बर्ष
(११) प्रहरी जवान - ४८ वर्ष
(१२) प्रहरी कार्यालय सहयोगी - ४८ वर्ष

(ख) देहायका पदमा देहायको अवधिसम्म बहाल रहेको प्रहरी कर्मचारीले सो अवधि भुक्तान गरेको आधारमाः-

(१) प्रहरी नायब महानिरीक्षक - ५ वर्ष
(२) प्रहरी वरिष्ठ उपरीक्षक - ६ वर्ष
(३) प्रहरी उपरीक्षक - १० वर्ष

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनको लागि कायम मुकायम मुकरर भएको अवधि गणना गरिने छैन।

तर, तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ।

(ग) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहमा कार्यरत देहायका प्रहरी प्राविधिक कर्मचारीहरूको देहाय बमोजिम उमेर पूरा भएमाः-

(१) प्रहरी नायब उपरीक्षक देखि माथि - ५८ वर्ष
(२) प्रहरी निरीक्षक - ५५ वर्ष
(३) प्रहरी हवल्दार देखि प्रहरी वरिष्ठ नायब निरीक्षक - ५५ वर्ष

(२) यस दफाको प्रयोजनका निमित्त प्रहरी कर्मचारीको उमेरको हिसाब गर्दा देहाय बमोजिम गरिनेछः

(क) सेवामा प्रवेश गर्दा निजले पेश गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक विवरण (सिटरोल) मा जन्ममिति वर्ष, महिना र गते समेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकास हुन्छ सोही मितिको आधारमा,

(ख) वर्ष वा संवत् मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्म मिति कायम गर्दा नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मिति, शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मिति र वैयक्तिक विवरण (सिटरोल) को हकमा सुरु भर्ना भएको मितिको आधारमा,

(ग) कुनै प्रमाणपत्रमा वर्षमात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको रहेछ र त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्म मितिको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्म मितिको आधारमा।

तर, यसरी छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्ष भन्दा बढी भएमा वर्षमात्र उल्लेख भएको प्रमाणपत्रको आधारमा उपखण्ड (ख) बमोजिम जन्म मिति कायम गरिनेछ।

५९. <u>उपदानः</u> (१) पाँचवर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाईएमा देहाय बमोजिम उपदान पाउनेछः-

(क) पाँच वर्ष भन्दा बढी दश वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्ष भन्दा पन्ध्र वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्ष भन्दा कम नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

<u>स्पष्टीकरण:</u> "आखिरी तलब" भन्नाले प्रहरी कर्मचारीले अवकाश प्राप्त गर्ने समयमा खाईपाई आएको तलबमानलाई सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई उपदान दिइने छैन्।

६०. <u>निवृत्तिभरणः</u> प्रहरी कर्मचारीको निवृतिभरण सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

६१. <u>राजिनामा दिन सक्नेः</u> (१) प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ।

(२) प्रदेश प्रहरी कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ।

(३) प्रहरी कर्मचारीको नोकरी अवधिको गणना तोकिए बमोजिम हुनेछ।

६२. <u>नोकरी छोड्न नपाउनेः</u> (१) कुनै पनि प्रदेश प्रहरी कर्मचारीले आफू नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउने छैन।

तर कुनै प्रहरी कर्मचारीलाई नोकरी नछोडी नहुने विषेश परिस्थिति उत्पन्न भएमा निजले कारण खुलाई अधिकृतस्तर प्रहरी कर्मचारीले प्रदेश प्रहरी प्रमुख मार्फत मन्त्रालय समक्ष र सहायकस्तर कर्मचारीले प्रदेश प्रहरी प्रमुख समक्ष निवेदन गर्नुपर्नेछ। उक्त कारण मनासिब भएमा कर्मचारीलाई नोकरी छाड्न अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) विपरीत नोकरी छोड्ने प्रहरी कर्मचारीलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वदेश तथा विदेशमा गराइने तालिम लगायतमा खर्च भएको रकम असुल उपर गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा गरेबापत निजले पाएको तलब राशन, दैनिक भ्रमण भत्ता तथा तोकिए बमोजिमको सरकारी स्केलमा पाउने सरसामान बापतका रकम असुल उपर गरिने छैन।

६३. <u>सहयोग लिन सकिनेः</u> (१) यस परिच्छेद अन्तर्गत सेवा निवृत भएका प्रहरी कर्मचारीबाट प्रदेश सरकारले आवश्यकताका आधारमा कुनै विषयको अध्ययन, अनुसन्धान शान्ति सुरक्षा, जनचेतनाका कार्यका लागि सहयोग माग गर्न सक्नेछ।

(२) सहयोग लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-११

## आचरण

६४. <u>दान, दातव्य, उपहार लिन नहुने:</u> (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यले स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारका दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित भएको व्यक्तिसँग सापट लिन वा अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्न हुँदैन्।

(२) प्रहरी कर्मचारीले विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नुपर्नेछ।

६५. <u>सम्पत्तिको विवरण दिनु पर्ने:</u> प्रत्येक प्रहरी कर्मचारीले नेपाल सरकारले तोकेको फाराममा आफ्नो सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र तोकिएको निकायमा पेश गर्नुपर्नेछ।

६६. <u>कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने:</u> प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैन:-

(क) कुनै बैङ्क, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

६७. <u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध:</u> (१) प्रहरी कर्मचारीले प्रदेश सरकार वा मन्त्रालयबाट अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य वा आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनाधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध जुनसुकै कारणले प्रदेश प्रहरी सेवाबाट हटेको व्यक्तिको हकमा समेत लागू हुनेछ।

६८. <u>सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने:</u>: (१) प्रहरी कर्मचारीले मन्त्रालयको अनुमति प्राप्त नगरी कुनै टेलिभिजन, पत्रपत्रिका, विद्युतिय वा अन्य सञ्चार माध्यममा वास्तविक वा काल्पनिक नाम वा बेनामी तवरले कुनै लेख प्रकाशन गर्न वा रेडियोद्धारा प्रशारण गर्न हुँदैन।

तर, प्रहरी कर्मचारी सङ्गठनको प्रवक्ताको रुपमा तोकिएको प्रहरी कर्मचारीले सम्बन्धित प्रहरी सङ्गठनको प्रमुखको अनुमतिमा प्रदेश प्रहरी प्रधान कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्नेछैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक वैज्ञानिक र व्यवसायिक विषयको लेख प्रकाशन वा प्रशारण गर्न सकिनेछ।

६९. <u>यातना दिन नहुने:</u> प्रहरी कर्मचारीले अपराध अनुसन्धान वा अन्य कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन।

७०. <u>प्रदर्शन र हडताल गर्न प्रतिबन्ध:</u> (१) प्रहरी कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाब सृजना गर्ने

उद्देश्यले अनसन बसी अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) यस दफा विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पतिमा क्षति पुऱ्याएमा त्यस्तो प्रहरी कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्ति समेत भराइनेछ।

७१. <u>प्रेसको सहारा लिन नहुने:</u> कुनै प्रहरी कर्मचारीले निजको कर्तव्य पालनाको सम्बन्धमा लगाइएको आरोपको निमित्त मन्त्रालयको पूर्व स्वीकृति नलिई प्रेस अथवा सञ्चार माध्यमको सहारा लिन हुँदैन।

७२. <u>सरकारको आलोचना गर्न नहुने:</u> नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताबीचको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै प्रहरी कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, सामाजिक सञ्जालबाट कुनै कुरा व्यक्त गर्न, कुनै सामग्रीको प्रचार प्रसार गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन।

७३. <u>निर्वाचनमा भाग लिन नहुने:</u> प्रहरी कर्मचारीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

७४. <u>राजनीतिमा भाग लिन नहुने:</u> प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा सङ्गठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिनु हुँदैन।

७५. <u>राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने:</u> प्रहरी कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले आफूभन्दा माथिका अधिकृत वा अन्य प्रहरी कर्मचारी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

७६. <u>समय पालन र नियमितता:</u> प्रहरी कर्मचारीले नियमित रुपले आफ्नो पालोमा प्रदेश प्रहरी प्रधान कार्यालयमा वा आफू खटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र सकेसम्म बिदामा बस्नु पूर्व स्वीकृति नलिई प्रदेश प्रहरी प्रधान कार्यालयमा वा आफू खटिएको ठाउँमा अनुपस्थित हुनु हुँदैन।

७७. <u>अनुशासन र आज्ञापालन:</u> प्रहरी कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परता साथ पालना गर्नुपर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नु पर्ने,

(ग) आफूभन्दा माथिका सबै अधिकृत प्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका प्रहरी कर्मचारी प्रति उचित व्यवहार गर्नु पर्ने,

(घ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवा समूहको मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरितका कार्य गर्न गराउन नहुने।

७८. <u>लैङ्गिक संवेदनशील हुनु पर्ने:</u> प्रहरी कर्मचारी आफ्नो काम, कारबाही र व्यवहारमा लैङ्गिक संवेदनशील हुनु पर्नेछ।

७९. <u>स्थायी आवासीय अनुमति लिन नहुने:</u> (१) प्रदेश प्रहरीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिनु हुँदैन।

(२) कुनै प्रदेश प्रहरीको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित प्रदेश प्रहरीले आफू कार्यारत प्रदेश प्रहरी प्रधान कार्यालयमा देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछ।

(क) आफ्नो नाम, थर, सेवा समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित प्रदेश प्रहरी प्रधान कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश प्रदेश प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ।

८०. <u>कानून विपरीत विवाह गर्न नहुने:</u> प्रहरी कर्मचारीले बिहावारी सम्बन्धी प्रचलित कानून विपरित हुने गरी विवाह गर्नु गराउनु हुँदैन।

८१. <u>हातपात वा जोरजुलुम गर्न नहुने:</u> कुनै प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

८२. <u>घरायसी कामकाजमा खटाउन वा लगाउन नहुने:</u> कुनै पनि प्रहरी कर्मचारीलाई प्रचलित कानून बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै प्रहरी कर्मचारी त्यस्तो कामको लागि खटिन हुँदैन।

८३. <u>यौनजन्य दुव्यवहार गर्न नहुने:</u> प्रहरी कर्मचारीले यौनजन्य दुव्यवहार गर्नु हुँदैन।

८४. <u>यातना दिन नहुने:</u> प्रहरी कर्मचारीले अपराध अनुसन्धान वा अन्य कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन।

८५. <u>मानव अधिकार उल्लंघन गर्न नहुने:</u> (१) आम नागरिकको मानव अधिकारको संरक्षकको रुपमा रहने प्रहरी कर्मचारीले पदीय जिम्मेवारी निर्वाहको क्रममा कुनै पनि प्रकारको मानव अधिकार हनन गर्नु हुँदैन।

(२) प्रहरी कर्मचारीले लिङ्ग, धर्म, सम्प्रदाय, वर्ण, जाति, बर्ग लगायत अन्य कुनै पनि आधारमा कसैप्रति भेदभावजन्य व्यवहार गर्नु हुँदैन।

८६. <u>प्रतिनिधित्व गर्न नहुने:</u> प्रहरी कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्धारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन्।

८७. <u>अन्य आचारण:</u> प्रहरी कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

## परिच्छेद-१२

## <u>विभागीय सजाय तथा पुनरावेदन</u>

८८. <u>विभागीय सजाय:</u> (१) प्रचलित संघीय कानून बमोजिम समायोजन भई प्रदेशमा खटिएका र यस ऐन बमोजिम नियुक्त हुने प्रहरी कर्मचारीको विभागीय सजाय दफा १९ बमोजिमका अख्तियारवालाबाट हुनेछ।

(२) प्रदेश प्रहरीमा कार्यरत प्रहरी अधिकृत तथा जवानलाई उचित र पर्याप्त कारण भएमा देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) शारीरीक परिश्रम गराउने वा नियन्त्रणमा राख्ने,

(३) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(४) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(६) खाइपाई आएको बढीमा पाँच तलबवृद्धिसम्म घटुवा गर्ने,

(७) हालको पदको ज्येष्ठतासहित खाइपाई आएको सुरु स्केलमा घटुवा गर्ने,

(८) एक तहको तल्लो पदमा घटुवा गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

८९. <u>नसिहत दिने वा प्रतिकूल राय लेख्ने, शारीरीक परिश्रम गराउने वा नियन्त्रणमा राख्नेः</u> देहायको अवस्थामा कुनै प्रहरी अधिकृत तथा जवानहरुलाई नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः-

(क) कार्यसम्पादन सन्तोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापरवाही गरी गैरजिम्मेवारीपूर्ण व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पीरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालन नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र कारण बिना बाटोको म्याद पछि सम्बन्धित प्रदेश प्रहरी प्रधान कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा,

(छ) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा।

९०. <u>बढुवा वा तलब वृद्धि रोक्काः</u> देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले बढीमा पाँच बर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सक्नेछः-

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरवाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) दफा ८९ बमोजिमको सजाय दुई पटक पाइसकेपछि पुनः सो दफा बमोजिम कुनै काम गरेमा।

९१. <u>तलब वृद्धि वा सुरु स्केल वा तल्लो पदमा घटुवाः</u> देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै प्रहरी कर्मचारीले खाइपाई आएको बढीमा पाँच तलबवृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाइपाई आएको सुरु स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सक्नेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा,

(घ) कानून बमोजिम दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैरहाजिर भएमा,

(च) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

(छ) लापरवाही गरी सरकारी सम्पत्ति हानी नोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसूर बाहेकको अन्य कुनै फौजदारी अभियोगमा कैद बाहेक जरिवाना वा क्षतिपूर्ति भराउने वा दुबै सजाय भएमा,

(झ) आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ञ) दफा ८९ बमोजिमको सजाय तीन पटक पाइसकेपछि पुन सो दफा बमोजिम कुनै काम गरेमा।

९२. <u>सेवाबाट हटाउने वा बर्खास्त गर्नेः</u> (१) देहायको कुनै पनि अवस्थामा प्रदेश प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :-

(क) आफ्नो पदीय जिम्मेवारीमा बारम्बार लापरवाही गरेमा,

(ख) आचरण सम्बन्धी कुरा बारम्बार उल्लङ्घन गरेमा,

(ग) ड्युटिको समयमा बारम्बार मादक पदार्थ सेवन गरेमा,

(घ) पटक पटक अनुशासनहीन काम गरेमा,

(ङ) आचरण सम्बन्धी नियम बारम्बार उल्लंघन गरेमा,

(च) बिदा स्वीकृति नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ज) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई कैदसजाय भएमा, सरकारी कार्य सम्पादन गर्ने क्रममा प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिना भन्दा कम कैद सजाय भएमा,

(झ) अध्ययन बिदा पूरा गरी फर्किएपछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा।

(२) देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरियमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) स्थायी आवासीय अनुमति लिएमा वा सोका लागि निवेदन दिएमा,

(घ) प्रहरी सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा।

९३. <u>कार्यालयमा अनुपस्थित भएमा वा झुट्टा विवरण पेश गरेमा हुने कारबाही:</u> (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। त्यसरी गयलकट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन।

(२) कुनै पनि प्रहरी कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैर बिदा सम्बन्धी कसूरमा दफा १८ बमोजिम कारबाही हुनेछ।

९४. <u>सजाय सम्बन्धी कार्यविधि:</u> (१) प्रहरी कर्मचारीलाई सजायको आदेश दिनुअघि कारवाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई लिखित सूचना दिई निज उपर लगाइएको आरोप स्पष्ट रुपले किटिएको हुनुपर्दछ। साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ। आरोप लागेको प्रहरी कर्मचारीले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाई लिखित रुपमा पेश गर्नु पर्नेछ।

(२) विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम आरोप लागेको प्रहरी कर्मचारीले सफाई पेश गर्न दिइएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो प्रहरी कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी उचित म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

(३) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीलाई प्रहरी सेवाबाट हटाउदा वा बर्खास्त गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइ कैदको सजाय पाएको कुनै प्रहरी कर्मचारीलाई गर्न लागेको सजायको बारेमा निजलाई सूचनासम्म दिए पुग्नेछ।

(४) सजायको आदेश दिन पाउने अधिकारीले कुनै प्रहरी कर्मचारीले कसूर गरेको सम्बन्धमा जाँचबुझ गराउन आवश्यक ठानेमा त्यस्तो अधिकारी स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न वा गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित प्रहरी कर्मचारीसँग सोधपुछ गरी कारण सहित आफ्नो प्रतिवेदन तथा भएको सबुद प्रमाण समेत पेश गर्नु पर्नेछ।

(५) विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने दर्जा वा तलव घटाउने आदेश दिँदा सो गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाइको मौका दिएकोमा निजको सफाइको जिकिर र सो जिकिर बमोजिमको केही बुझिलिएको भए सो का बारेमा समेत आफ्नो ठहर लेखी सफाइको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई व्यहोरा खुलाएको पर्चा खडा गरेर हस्ताक्षर गरी मिसिल सामेल राख्नु पर्छ।

९५. <u>निलम्बन:</u> (१) कुनै प्रदेश प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ। यसरी निलम्बन गर्दा निलम्बन गर्नुका आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिनाभन्दा बढी हुने छैन। निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनु पर्नेछ:-

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुद प्रमाण लुकाउने,

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानी नोक्सानी हुने सम्भावना देखिएमा वा

(ग) कुनै कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे सङ्गठनभित्रका कर्मचारीमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रहरी सङ्गठनकै प्रतिष्ठामा आँच आउने भएमा।

(४) उपदफा (१) बमोजिम निलम्वनमा रहेको प्रहरी कर्मचारीले पाउने तलबभत्ताको आधा रकममात्र पाउनेछ।

(५) कुनै फौजदारी अभियोगमा वा यस ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको प्रहरी कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो मुद्दामा फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ र सो मुद्दामा फैसला हुँदा सफाई पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ।

तर,

(क) कसुरदार ठहरिएमा निलम्बन भएका मिति देखिको बाँकी तलब भत्ता पाउने छैन्।

(ख) कुनै प्रदेश प्रहरी कर्मचारी सरकारी कामको सिलसिलामा वा तोकेको दायित्व पालनाको क्रममा प्रदेश सरकारबाट भएको कारबाही स्वरुप निलम्बन भएको नभई अन्य कारणबाट निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

(६) कुनै प्रहरी कर्मचारी उपर सरकार वादी हुने फौजदारी अभियोगमा अधिकार प्राप्त अधिकारीले अभियोग लागेको प्रहरी कर्मचारीलाई निलम्वन गर्नु पर्नेछ र सो को जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(७) सुरु अदालतबाट सफाई पाएको कुनै प्रदेश प्रहरी कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित प्रहरी कर्मचारीको हुनेछ। त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको तलबभत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूलउपर गरिनेछ।

९६. <u>सेवाको अन्त्य गर्न सक्नेः</u> कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा अधिकार प्राप्त अधिकारीले पर्चा खडा गरी निजको सेवाको अन्त गर्न सक्नेछः-

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नभएमा,

(ख) तोकिएको मेडिकल बोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

९७. <u>सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारीः</u> (१) दफा ८८ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित सामान्य सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ।

(२) दफा ८८ को उपदफा (२) को खण्ड (ख) मा उल्लिखित विशेष सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम भएको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

९८. <u>पुनरावेदनको म्याद तथा कार्यविधिः</u> (१) अख्तियारवालाबाट दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने प्रहरी कर्मचारीले जुन प्रदेश प्रहरी प्रधान कार्यालयबाट कारबाहीको आदेश गरिएको हो सोही प्रदेश प्रहरी प्रधान कार्यालय मार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी पुनरावेदन दिन सक्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले आफूसँग भएको प्रमाण राखी सफाईको ब्यहोरा शिष्ट भाषामा लेखी पुनरावेदन दिनुपर्नेछ साथै पुनरावदेनमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल प्रति पनि राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र दिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

९९. <u>पुनर्वहाली भएमा पाउने सुविधाः</u> (१) कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पूनर्वहाली भएमा त्यस्तो प्रहरी कर्मचारीले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः पद बहाली भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धि समेत पाउनेछ।

तर भगौडा वा गैर हाजिर भई सेवाबाट बर्खास्त गरिएको प्रहरी कर्मचारी सेवामा बहाली भएमा निजले भगौडा वा गैर हाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब भत्ता तथा तलब वृद्धि पाउने भए सो तलबभत्ता बापतको रकम निजको पुनर्बहाली भई दरबन्दी भएको कार्यालयबाट पाउनेछ।

(३) सुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा बिभागीय कारबाही भई सेवाबाट अलग गरिएका प्रहरी कर्मचारीले उक्त मुद्दामा पुनरावेदन तहबाट सफाई पाएमा निज सेवामा पुनर्बहाली हुनेछ।

## परिच्छेद-१३

## <u>प्रदेश सुरक्षा समिति सम्बन्धी व्यवस्था</u>

१००. <u>प्रदेश सुरक्षा समितिः</u> (१) प्रदेश शान्ति सुरक्षा कायम गर्न तथा प्रदेशमा हुने अपराध अनुसन्धान तथा सूचना आदान प्रदान, अन्तर प्रदेश र नेपाल सरकारसँग सुरक्षा समन्वय लगायतको विषयमा प्रदेश सरकारलाई सुरक्षा सम्बन्धमा नीतिगत सुझाव दिन देहायको एक समिति रहनेछः-

(क) मन्त्री - संयोजक

(ख) पृतनापति, नेपाली सेनाको कार्यालय प्रमुख (प्रदेश कार्यक्षेत्र भएको) - सदस्य

(ग) सचिव - सदस्य

(घ) प्रदेश प्रहरी प्रमुख - सदस्य

(ङ) प्रमुख, नेपाल प्रहरी प्रदेश कार्यालय - सदस्य

(च) प्रमुख, शसस्त्र प्रहरी बल नेपाल, प्रदेश कार्यालय - सदस्य

(छ) प्रमुख, राष्ट्रिय अनुसन्धान, प्रदेश कार्यालय - सदस्य

(ज) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित अधिकारीलाई सो समिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

परिच्छेद-१४

## विविध

१०१. **सेवाको सुरक्षाः** कुनै पनि प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन्। संशोधनबाट प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम निर्वित्तिभरण पाउने प्रहरी कर्मचारीले मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन्।

१०२. **असल नियतको बचाउः** (१) प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम गर्नु पर्ने अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान वा कानून कार्यान्वयन वा कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतको आदेश वा वारेन्ट कार्यान्वयन गर्दा असल नियतले गरेको काममा सजायको भागी हुनु र हर्जना तिर्नु पर्ने छैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनको क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निज प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागी अख्तियारवालाको अनुमति प्राप्त नगरी मुद्दा चल्न सक्ने छैन।

(२) कुनै प्रहरी कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा सेवा बहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन्।

(३) उपदफा (२) बमोजिम मुद्दा चलेमा निजको तर्फबाट प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

१०३. **विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रदेश प्रहरीले सुरक्षा प्रदान गर्ने भनी तोकिएका कुनै बिशिष्ट व्यक्ति वा महत्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाको लागि वा प्रदेश प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै बिशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्याङ्कन गरी तोकिए बमोजिमको समितिको सिफारिसमा वर्दी सहित वा सादा पोशाकमा प्रदेश प्रहरी खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोरजुलुम गरेमा, हात उठाई वा नउठाई हमला गरेमा वा अन्य कानून विपरितका क्रियाकलाप गरेमा त्यस्तो प्रदेश प्रहरी कर्मचारीले आफूले सुरक्षा दिनुपर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जीउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको स्रोत साधन वा हातहतियार प्रयोग बदनीयत वा हेलचेत्र्याइँका साथ गरेको हो होइन वा त्यस्तो स्रोत साधन वा हातहतियार वा बल प्रयोग गर्न आवश्यक थियो थिएन भन्ने सम्बन्धमा छानबिन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा त्यस्तो प्रहरी कर्मचारीले आफूसँग रहेको स्रोतसाधन वा हातहतियारको प्रयोग बदनीयत, हेलचेत्र्याँई साथ गरेको वा आवश्यकताभन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानून बमोजिमको कारवाही अगाडी बढाउनु पर्नेछ।

(५) एक वा एक भन्दा वढी व्यक्तिको हत्या गर्न सक्ने वा साङ्घातिक आक्रमण गरी जीऊ ज्यान लिन सक्ने वा गम्भीर घाइते बनाउन सक्ने वा सार्वजनिक स्वास्थ्यमा खतरा पार्न सक्ने वा निजी, सार्वजनिक र सरकारी सम्पत्तिमाथि आगजनी, तोडफोड, आक्रमण वा विध्वंस गरी गम्भीर क्षती पुऱ्याउन सक्ने मनासिव आधार भएमा प्रहरीले तत्काल त्यस्तो कार्य हुनबाट रोक्न अन्य कुनै उपाय सफल नभएमा प्रचलित कानून बमोजिम आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ।

१०४. <u>नागरिक सुरक्षा परामर्श समितिः</u> (१) प्रदेशमा शान्ति सुरक्षा सबलीकरणका लागि प्रदेश सरकारलाई परामर्श दिन, सार्वजनिक सुरक्षासँग सम्बद्ध जनचासो एवम् गुनासो तथा मानव अधिकार उल्लङ्घनका घटनाको अध्ययन गरी प्रतिवेदन पेस गर्न, मानव अधिकारमैत्री कानून एवम् नीति निर्माण र प्रशिक्षणका अलावा प्रहरी र नागरिकका बीचमा आपसी बिश्वास बढाउन तथा सुमधुर सम्बन्ध विकाससँग सम्वन्धित सुझाव पेश गर्न तथा प्रहरी सेवालाई पहुँचयोग्य र प्रभावकारी बनाउन र स्रोत साधनको समुचित व्यवस्थापनका लागि आवश्यक हुने सुझाव दिन प्रदेश सरकारले देहाय बमोजिमको समिति गठन गर्न सक्नेछः-

(क) उच्च अदालतबाट अवकाश प्राप्त न्यायाधीश वा न्याय सेवाको विशिष्ट श्रेणीबाट अवकाश प्राप्त व्यक्ति - अध्यक्ष

(ख) सार्वजनिक प्रशासन, न्याय प्रशासन, प्राध्यापन, सुरक्षा, शिक्षा, उद्योग, वाणिज्य, पर्यटन, मानव अधिकार, महिला सशक्तिकरण वा सामाजिक क्षेत्रमा योगदान दिएका लब्धप्रतिष्ठित व्यक्ति मध्ये महिलाबाट दुइजना र सीमान्तकृत समुदायबाट दुइजना सहित प्रदेश सरकारले नियुक्त गरेका जम्मा सात जना - सदस्य

(ग) नेपाल प्रहरी तथा प्रदेश प्रहरीका कम्तीमा प्रथम श्रेणीबाट अवकाश प्राप्त व्यक्ति - सदस्य-सचिव

(२) समितिका पदाधिकारीले पालना गर्नुपर्ने आचार संहिता तोकिए बमोजिम हुनेछ।

(३) समितिले आवश्यकता अनुसार विज्ञको सहयोग लिन सक्नेछ।

(४) समितिको कार्यक्षेत्र र कार्यसञ्चालन कार्यविधि तोकिए बमोजिम हुनेछ।

१०५. <u>प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्थाः</u> अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिताको लागि छनौट सम्बन्धी आवश्यक मापदण्ड एवम् कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

१०६. <u>सूत्र परिचालन गर्न सक्नेः</u> शान्ति सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सम्बन्धी सूचनाको प्राप्ति, संग्रह र परिचालन गर्न मन्त्रालय तथा प्रदेश प्रहरीले सूत्र परिचालन गर्न सक्नेछ।

<u>१०७.</u>

~~१०७.~~<u>१०८.</u> <u>हातहतियार, खरखजाना तथा सञ्चार साधनको प्रयोगः</u> प्रदेश प्रहरीले प्रयोग गर्ने हातहतियार, खरखजाना तथा सञ्चार साधन र सोको प्रयोग सम्बन्धी मापदण्डको व्यवस्था प्रचिलित संघीय कानून बमोजिम हुनेछ।

~~१०८.~~<u>१०९.</u> <u>कसूर, मुद्धाको अनुसन्धान, दायरी ,सजाय र पुनरावेदनः</u> प्रदेश प्रहरी कर्मचारीले गर्ने कसूरको अनुसन्धान, दायरी, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

~~१०९.~~<u>११०.</u> <u>कसूर र सजायः</u> यो ऐनको परिच्छेद-१२ बमोजिमको विभागीय सजाय बाहेक प्रचलित कानून बमोजिम प्रहरी कर्मचारीको लागि हुने कसूर, सजाय र सोको कार्यविधि सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

~~११०.~~१११. **अधिकार प्रत्योजन गर्न सक्ने:** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रदेश राजत्रपमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

~~१११.~~११२. **प्रचलित कानून लागू हुने:** (१) यो ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) प्रचलति कानून बमोजिम प्रदेशमा समायोजन भएका प्रहरी कर्मचारीको हकमा प्रचलित संघीय कानून लागू हुने भए सोही बमोजिम र अन्यमा यसै ऐन बमोजिम हुनेछ।

(३) प्रदेश प्रहरीको सम्बन्धमा प्रचलित संघीय कानूनले कुनै खास विषयमा मापदण्ड, कार्यविधि एवम् अन्य व्यवस्था गर्ने भनी तोकेको वा लेखिएकोमा सोही बमोजिम हुनेछ।

~~११२.~~११३. **अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था:** (१) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था संघीय प्रहरी कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सहभागिताका लागि आवश्यक मापदण्ड एवम् कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

~~११३.~~११४. **नेपाल सरकारको दायित्व हुने:** प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएको वा खटिएको प्रहरी कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तिभरण, उपचार खर्च तथा सञ्चित बिदाको रकम सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

~~११४.~~११५. **स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने:** प्रदेश प्रहरीले शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा विपद् व्यवस्थापन सम्बन्धमा स्थानीय तहसँग समन्वय र सहकार्य कायम गर्नेछ।

~~११५.~~११६. **संक्रमणकालीन व्यवस्था:** (१) दफा ७ मा उल्लिखित प्रदेश प्रहरी सेवाका पद यस ऐन बमोजिम पदपूर्ति नभएसम्म संघीय प्रहरी ऐन बमोजिम नेपाल प्रहरीबाट कामकाजमा खटिई आउने प्रहरी कर्मचारीलाई प्रदेश सरकारले आवश्यकता अनुसार पदस्थापन तथा परिचालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रहरी कर्मचारीले प्रदेश प्रहरीको पोसाक, दर्ज्यानी चिन्ह र प्रदेश प्रहरीको परिचय वा प्रतीक चिन्ह (लोगो) लगाई प्रदेश प्रहरीको रूपमा काम गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि प्रदेश प्रहरीको रिक्त पदमा पदपूर्ति गर्न सकिने अवस्था नभएसम्म नेपाल प्रहरीको प्रहरी कर्मचारीलाई खटाउन प्रदेश सरकारले नेपाल सरकारलाई अनुरोध गर्न सक्नेछ।

(४) यस दफा बमोजिम खटाइएका प्रहरी कर्मचारीको पारिश्रमिक तथा सुविधा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीले पाए भन्दा कम हुने छैन।

~~११६.~~११७. **नियम बनाउने अधिकार:** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

~~११७.~~११८. **निर्देशिका, कार्यविधि, मापदण्ड वा आचार संहिता बनाउन सक्ने:** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देर्शिका, कार्यविधि, मापदण्ड वा आचारसंहिता बनाउन सक्नेछ।

अनुसूची

(दफा ११ को उपदफा (५) सँग सम्बन्धित)

**<u>शपथको ढाँचा</u>**

म ......................................... मुलुक र जनता प्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै ............ पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मितिः ............ ............................

हस्ताक्षर